‘सानु लामाका कथामा बौद्ध दर्शनको प्रभाव: विश्लेषणात्मक अध्ययन’

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय ।

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली

विभागद्वारा सञ्चालित एमफिल परीक्षाको आंशिक

परिपूर्तिका निम्ति प्रस्तुत

लघु शोधप्रबन्ध

शोध निर्देशक

**डा कविता लामा**

सह प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय ।

शोधार्थी

**कुशल छेत्री**

एमफिल 13MPNP03

नेपाली विभाग

सिक्किम विश्वविद्यालय ।

फरवरी २०१५

२०१५

छेत्री कुशल

एमफिल

# प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंक्षिक पूर्तिका निम्ति 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभावः विश्लेषणात्मक अध्ययन' शीर्षक यस लघु शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक डा कविता लामाको निर्देशनमा रहेर सम्पन्न गरेको पूर्णतः मैलिक शोधकार्य हो । मैले यो लघु शोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सङ्कलित सामग्रीहरुलाई वैज्ञानिक ढङ्गले उपयोग गरेको छु र त्यसप्रति कृतज्ञ पनि छु । यस लघु शोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छैन । यस लघु शोधप्रबन्धको कुनै पनि अंश वा पाठ पुस्तक वा पुस्तकको अंशको रुपमा मैले कहीँ पनि प्रकाशित गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्छु ।

शोधार्थी

मितिः १७ फरवरी २०१५

**कुशल छेत्री**

एमफिल 13MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय ।

__________________

विभागीय प्रमुख

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LINGUISTICS & LANGUAGES

## शोध निर्देशकबाट अग्रसारण

'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभाव: विश्लेषणात्मक अध्ययन' शीर्षकमा प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्काय अन्तर्गत नेपाली विभागको एमफिल उपाधिका निम्ति श्री कुशल छेत्रीले मेरो निर्देशनमा रही तयार पारेका हुन्। यस लघु शोधप्रबन्ध लेखन सिक्किम विश्वविद्यालयको एमफिल पाठ्यक्रमको निर्धारित समयभित्र रही यिनले परिश्रमपूर्वक तयार पारेका हुन्।

सिक्किम विश्वविद्यालयको नियम अनुसार प्रस्तुत लघु शोधप्रबन्धलाई उचित मूल्याङ्कनको निम्ति म सम्बन्धित निकायमा आवश्यक कार्यवाहीको निम्ति अग्रसारित गर्दछु।

१७/०२/२०१५

(डा कविता लामा)

शोध निर्देशक

सह प्राध्यापक, नेपाली विभाग

सिक्किम विश्वविद्यालय

मितिः १७ फरवरी २०१५

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251342 (O), www.sikkimuniversity.ac.in

# प्रस्तावना तथा कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागद्वारा सञ्चालित एमफिल परीक्षाको आंशिक पूर्तिको निम्ति गरिने लघु शोधप्रबन्धअन्तर्गत मेरो शोध विषय 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभावः विश्लेषणात्मक अध्ययन' रहेको छ। प्रस्तुत लघु शोधप्रबन्धमा कथाकार लामाका प्रकाशित कथासङ्ग्रह *कथा सम्पद्* (सन् १९७४), *गोजिका* (सन् १९८१), *मृगतृष्णा* (सन् १९९०) र *सूर्यको तेस्रो किरण* (सन् २००८)-मा समाविष्ट कथाहरुलाई बौद्ध दर्शनको दृष्टिले विश्लेषणात्मक अध्ययन गरिएको छ ।

प्रस्तुत लघु शोधप्रबन्धमा मूलतः बौद्ध दर्शनको कर्मवाद, मैत्री र करुणा, मध्यममार्ग, शून्यवाद, प्रतीत्यसमुत्पाद, पञ्चशील जस्ता पक्षबाट सानु लामाका हालसम्ममा प्रकाशित कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन गरिएको छ । विविध पत्रपत्रिकामा प्रकाशित अन्यान्य कथाहरुलाई यस लघु शोधप्रबन्धमा समावेश गरिएको छैन । एमफिल पाठ्यक्रमको निम्ति निर्धारित अवधि अठारा महिनाभित्र 'बौद्ध दर्शन' जस्ता बृहत् विषयमा कथाकार सानु लामाका प्रकाशित कथाहरुको अध्ययन विश्लेषण गर्नु लरतरो कुरो होइन । यद्यपि यस शोध अध्ययनमा प्रयास भने अवश्यै गरेको छु । प्रस्तुत शोध लेखनमा जे जति कमी कमजोरीहरु रहेका छन् ती सबै मेरो हिस्सामा पर्ने छ ।

प्रस्तुत लघु शोध लेखन कार्यमा मलाई कुशल मार्गनिर्देशन, सुझाउ तथा प्रोत्साहन दिनुहुने श्रद्धेय गुरुमा डा कविता लामाप्रति म हार्दिक आभार व्यक्त गर्दछु । यस लघु शोधप्रबन्धको तयारीमा गुरुमाले मेरा त्रुटिहरुमाथि विशेष ध्यान दिई, मेरा कमी कमजोरीहरु औंल्याई दिएर मलाई सधैं सही दिशा निर्देश गर्नुभएको छ । यस्तै प्रकारले यस शोध

अध्ययनमा मलाई उपयोगी सामग्री उपलब्ध गराइदिनहुने विद्वान् लेखक एवं महानुभवमा सर्वश्री सानु लामा, गौतम लामा, रुद्र पौड्याल, सी बी कार्की, पारसमणि दङ्गाल तथा दिदी रेनुका तामाङप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत लघु शोधप्रबन्ध तयार गर्ने कार्यमा उचित सल्लाह, सुझाउ, अनि उत्साह दिनुहुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका गुरुबाहरु प्रो प्रतापचन्द्र प्रधान, गुरुमा डा पुष्पा शर्मा, डा समर सिन्हा, श्री बलराम पाण्डे, तथा श्री देवचन्द सुब्बाप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस लघु शोधप्रबन्धको तयारीमा हरसम्भव सहयोग गर्नुहुने दाजु दोर्जे तामाङप्रति धेरै-धेरै धन्यवाद टक्राउँदछु ।

विनीत,

**कुशल छेत्री**

एमफिल 13MPNP03

नेपाली विभाग

सिक्किम विश्वविद्यालय ।

## संक्षिप्त शब्दरुप

१. अनु- अनुवाद ।

२. डा- डाक्टर ।

३. प्रो- प्रोफेसर ।

४. पृ- पृष्ठ ।

५. वि सं- विक्रम सम्वत् ।

६. सम्पा- सम्पादक ।

७. संस्क- संस्करण ।

८. संक्षेपीकरण --- ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| **प्रतिबद्धता पत्र** | **क** |
| **शोध निर्देशकबाट अग्रसारण** | **ख** |
| **प्रस्तावना तथा कृतज्ञता ज्ञापन** | **ग-घ** |
| **संक्षिप्त शब्दरुप** | **ङ** |
| **१. पहिलो अध्याय** | **१-१३** |
| १.१ शोधशीर्षक | |
| १.२ शोधपरिचय | |
| १.३ समस्याकथन | |
| १.४ उद्देश्य | |
| १.५ पूर्वकार्यको समीक्षा | |
| १.६ शोधविधि | |
| १.६.१ सामग्री सङ्कलन स्रोत | |
| १.७ औचित्य | |
| १.८ प्रयोजन | |
| १.९ सीमाङ्कन | |

**२. दोस्रो अध्याय** **१४-३६**

२.१ बौद्ध दर्शन र सम्प्रदाय

२.२ दर्शनको अर्थ र परिभाषा

२.३ बौद्ध दर्शनको परिचय

२.४ बौद्ध सम्प्रदायका प्रकार

२.४.१ थेरवाद सम्प्रदाय

२.३.२ महायन सम्प्रदाय

२.३.३ वज्रयान सम्प्रदाय

२.४.१ बौद्ध दर्शनका पक्षहरु

२.४.२ शून्यवाद

२.४.३ मैत्री र करुणा

२.४.४ मध्यम मार्ग

२.४.५ पञ्चशील

२.४.६ प्रतीत्यसमुत्पाद

२.४.७ कर्मवाद

**३. तेस्रो अध्याय** **३७-४७**

३.१ कथाकार सानु लामाको परिचय

३.२ सानु लामाका कथाहरुको प्रवृत्तिगत विशेषताहरु

३.२.१ सामाजिक यथार्थवादी

३.२.२ मनोवैज्ञानिक यथार्थवादी

३.२.३ ऐतिहासिक यथार्थवादी

३.२.४ आञ्चलिकता

३.२.५ व्यङ्ग्यात्मकता

३.२.६ बौद्ध दर्शन

**४. चौंथो अध्याय** **४८–६६**

४.१.१ सानु लामाका कथामा बौद्ध दर्शनको प्रभाव

४.१.२ सानु लामाका कथामा पञ्चशीलको प्रभाव

४.१.३ सानु लामाका कथामा मैत्री र करुणाको प्रभाव

४.१.४ सानु लामाका कथामा शून्यवादको प्रभाव

४.१.५ सानु लामाका कथामा कर्मवादको प्रभाव

४.१.६ सानु लामाका कथामा प्रतीत्यसमुत्पादको प्रभाव

४.१.७ सानु लामाका कथामा मध्यम मार्गको प्रभाव

**५. पाँचौं अध्याय** **६७-७७**

५.१ उपसंहार

**६. सन्दर्भ सामग्री सूची**

# पहिलो अध्याय

## १.१ शोधशीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभावः विश्लेषणात्मक अध्ययन' रहेको छ ।

## १.२ शोधपरिचय

पेशागत रुपले गरुडसिंह लामा अनि साहित्यका क्षेत्रमा सानु लामा नामले सुपरिचित रहेका यिनी नेपाली साहित्यका एकजना सिद्धहस्त सर्जक हुन् । (सन् १९६३)-मा *दियालो* पत्रिकामा 'स्वास्नीमान्छे' शीर्षक कथा प्रकाशित गरी कथाकार लामाले नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । लामाका *कथा सम्पद्* (सन् १९७४), *गोजिका* (सानु लामाका लघु कथाहरु) (सन् १९८१), *मृगतृष्णा* (सन् १९९०), *सूर्यको तेस्रो किरण* (सन् २००८) गरेर मोठ तिनवटा कथासङ्ग्रह र *गोजिका* पत्रिकाको वर्ष ३, अंक ५ दिसम्बरमा छवटा लघु कथाहरु प्रकाशित भएको पाइन्छ । प्रकाशित यी तिनवटा कथासङ्ग्रह र *गोजिका*मा प्रकाशित लघु कथाहरुलाई विभिन्न प्रवृत्तिगत विशेषताले अध्ययन गरिएका समालोचनात्मक लेख र रचनाहरु केही पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ । यद्यपि उक्त कथाहरुमा मुख्यतः बौद्ध दर्शनको दृष्टिले नै अध्ययन गरिएको कुनै समालोचनात्मक लेख प्रकाशमा आएको थाह लाग्दैन तसर्थ उक्त विषयमा अध्ययन गरिने उद्देश्यले यस लघु शोधको मूल विषय 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभावः विश्लेषणात्मक अध्ययन' राखिएको हो ।

### १.३ समस्याकथन

प्रस्तुत शोध प्रबन्धको पहिलो शोधसमस्या नै यसको शीर्षक 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभावः विश्लेषणात्मक अध्ययन' हो । यस लघु शोधप्रबन्धसित सम्बन्धित दोस्रो मूल समस्या लामाका कथामा बौद्ध दर्शनको प्रयोग के कसरी भएको छ ? अनि त्यसका सामाजिक पृष्ठभूमि कस्तो छ त्यसलाई बुझ्रेर कथामा बौद्ध दर्शनको प्रभाव पर्नाका कारणहरु पनि खोजेर अध्ययन गर्नु अर्को शोध समस्या हो । भारतीय नेपाली कथामा बौद्ध दर्शनको प्रयोग र प्रभावबारे के कति लेख प्रकाशित भएको छ त्यसको खोजी गर्नु यस शोधको अर्को एउटा प्रमुख समस्या रहेको छ ।

### १.४ उद्देश्य

प्रस्तुत लघु शोधप्रबन्धका प्रमुख उद्देश्य निम्नलिखित छन्–

क. लामाका कथाहरुमा प्रयुक्त बौद्ध दर्शन पूर्णतः बौद्ध दर्शनमा आधारित छ कि छैन त्यसबारे शोध गर्नु ।

ख. यिनका पात्रहरु बौद्ध धर्मावलम्बी भएकाले बौद्ध दर्शन कथामा प्रयुक्त छ वा कथाकारका विचार मात्र हुन् त्यसबारे जानकारी लिनु ।

ग. कथामा प्रयुक्त बौद्ध दर्शनले वर्तमान समाजमा के कस्तो भूमिका खेलेको छ त्यसको अध्ययन विश्लेषण गर्नु ।

### १.५ पूर्वकार्यको समीक्षा

भारतीय नेपाली कथामा एउटा स्थापित नाम हो सानु लामा । विभिन्न पत्रपत्रिकामा यिनका कथाहरुमाथि समालोचनात्मक लेखादि प्रकाशित भएको पाइन्छ । तर प्रकाशित

कथाहरुबारे बौद्ध दर्शनको दृष्टिले छुटपुट रुपमा मात्र अध्ययन गरिएको पाइन्छ । घनश्याम नेपालले *चाँप गुराँस* (सिक्किमे व्यक्तित्व विशेषाङ्क) पुस्तकअन्तर्गत 'सानु लामा' शीर्षक लेखमा यिनका हालसम्म प्रकाशित कथाहरुको अध्ययन गरेका छन् । यिनले लामाका धेरजसो कथाहरुका मूल स्वर नै 'करुणा' हो भनी उल्लेख गरेका छन् । सानु लामा स्वयं बौद्ध संस्कारमा हुर्किएका हुनाले यिनका कथाहरुमा पनि बौद्ध दर्शनको प्रभाव पर्नु स्वाभाविक हो भन्ने कुरा उक्त लेखमा उल्लिखित छ । 'रेशी बगिरहेछ' कथाको मूल पात्र धने बौद्ध भीक्षु भएपछि कथाको मूल नायिका धनेकी प्रियसी राधिकाको मन मर्छ । धनेबिना राधिकाको जीवन करुणामय बन्न पुग्छ । यद्यपि उनी आजीवन अविवाहित रहन्छिन् । अतः प्रस्तुत कथा करुणामय दृष्टिले बौद्ध दर्शनको प्रभाव भएको एउटा सफल कथा मान्न सकिन्छ ।

मेहेरमान सुब्बाले *साहित्य सङ्केत*मा 'सूर्यको तेस्रो किरणः विहङगावलोकन' शीर्षकमा लामाको चौथो कथासङ्ग्रह *सूर्यको तेस्रो किरण*मा समावेश गरिएका मोठ बाह्रवटा कथाहरुको सङ्क्षिप्त रुपमा चर्चा गरेका छन् । सुब्बाले 'सूर्यको तेस्रो किरण' कथालाई नारीको भित्री शक्ति हो भनी स्वीकारेका छन् । यस सङ्ग्रहमा समाविष्ट कथाहरुको अध्ययन गरेर हेर्दा, मानव जीवनलाई फूलको आँखाले हेर्न सक्नु लामाको कथागत विशेषता हो भन्ने कुरा मानेको पाइन्छ। अतः सुब्बाले प्रस्तुत सङ्ग्रमा समाविष्ट 'रेशी बगिरहेछ' शीर्षक कथालाई बौद्ध दर्शनका प्रयोग भएको कथा मानेका छन् । उक्त दुई लेखहरु बाहेक छुट्टै रुपले लामाका कथाहरुलाई बौद्ध दर्शनको दृष्टिले मात्र अध्ययन गरिएको भने आजसम्म थाहा लाग्दैन ।

सानु लामाका कथा-कृतिहरुमाथि हालसम्ममा प्राप्त भएका केही समालोचनात्मक लेखादिको विवरण निम्न प्रकारका छन्-

लक्खीदेवी सुन्दास- 'मृगतृष्णाको निरुपण हाम्रो समाज', दार्जिलिङ : वर्ष-१, अङ्क-३, (सन् १९९१) ।

पुष्प शर्मा- 'समसामयिक नेपाली कथा र सानु लामाका कथामा नारी पात्र', मोहन पी दाहाल र नरेशचन्द्र खाती (सम्पा), *नेपाली जर्नल* (नेपाली भाषा साहित्य र संस्कृति बारे अनुसन्धानमूलक अर्द्धवार्षिक), नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय : वर्ष-१, अङ्क-१, शरद्-शिशिर, (२००१-२) ।

राजकुमार छेत्री- 'समकालीन भारतीय नेपाली कथाका प्रवृत्तिहरु', मोहन पी दाहाल र नरेशचन्द्र खाती (सम्पा), *नेपाली जर्नल* (नेपाली भाषा साहित्य र संस्कृति बारे अनुसन्धानमूलक अर्द्धवार्षिक), नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय : वर्ष-१, अङ्क-१, शरद्-शिशिर, (२००१-२) ।

प्रेम थुलुङ- 'मृगातृष्णाको पृष्ठभूमि र पात्र-पात्रा परिचय', गान्तोक : आधार, वर्ष-३ अङ्क-९/ १०, भा ने रा प, जुलाई, (सन् १९९२) ।

एम एम गुरुङ- 'मृगतृष्णाका कथा लेखक सानु लामाः समीक्षा', *सुनचरी* (दैनिक पत्रिका), सिलगढी : २८-फरवरी, (सन् १९९४) ।

*कथाकार सानु लामा अभिनन्दन स्मारिका* (पुस्तिकाका रुपमा), नेपाली साहित्य प्रचार समिति (आयोजक), सिलगढी, १४ अगस्ट, (सन् १९९४) ।

घनश्याम नेपाल- 'सानु लामा र उनको कथाकारिता, कथा सम्पद्का सन्दर्भमा', *कथाकार सानु लामा : अभिनन्दन स्मारिका,* सिलगढी : ने सा प्र समिति, (सन् १९९४)।

इन्द्रबहादुर राई- 'मृगतृष्णा हिँड्दै आनन्दको मार्ग', (पृष्ट-पृष्ठ साहित्य समालोचना) सङ्कलन, गान्तोक : सि सा पा (सन् १९९५) ।

जस योञ्जन 'प्यासी'- 'आधुनिक भारतीय नेपाली कथामा सामाजिक यथार्थता', वत्सगोपाल (सम्पा), *अकादेमी जर्नल* (सिक्किम अकादेमीको वार्षिक पत्रिका), सिक्किम : ग्रामीण प्रबन्धन् एवं विकाश विभाग, सिक्किम सरकार गान्तोकद्वारा प्रकाशित, वर्ष-२, अङ्क-२, (सन् २००३-२००४) ।

चुनिलाल घिमिरे- *पद्‌मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा* (जीवनी पुस्तक), गान्तोक : नेपाली साहित्य परिषद् १२ मई, (सन् २००५) ।

राधा शर्मा र नवीन पौडयाल- *नेपाली कथा समीक्षा,* दार्जिलिङ : साझा पुस्तक प्रकाशन, (सन् २००५) ।

राजकुमार छेत्री- 'सानु लामाका कथाहरुको विश्लेषण र मूल्याङ्कन', सिलगढी : *बाडुली,* सम्झना-२८, हिक्का-११, पूर्णाङ्क-१६, (सन् २००७) ।

घनश्याम नेपाल- 'प्रयोग कालीन कथा' *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी : एकता बुक हाउस, (सन् २००९) ।

कविता लामा- 'नेपाली कथामा सामाजिक आलोचनाको विशिष्टता' *अनुशीलन,* सिलगढी : सिस्टम्याटिक डिजाइनर्स एन्ड प्रिन्टर्स प्रा लि, (सन् २०१०) ।

घनश्याम नेपाल- 'सानु लामा', शैलेश प्रधान (सम्पा), *चाँपगुराँस* (सिक्किमे व्यक्तित्व विशेषाङ्क), सिलीगुडी : दास प्रिन्टर्स, प्रकाशन, (सन् २०१०) ।

सविता तामाङ- 'सानु लामाको कथा सम्पद् कथा सङ्ग्रहका नारी पात्र', घनश्याम नेपाल (सम्पा) *अभिज्ञान* (शोधमूलम अर्द्धवार्षिक), नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय : वर्ष-१, अङ्क-१, जनवरी-जुन (२०१०) ।

भूपेन तामाङ- ‘सानु लामाका कथामा नारी’, सोनाम शेर्पा (सम्पा), *अनुशीलन* (साहित्य सामयिकी), अनुशीलन परिवार, उत्तरबङ्ग विश्वविद्यालय परिसर : वर्ष-१, अङ्क-१, फरवरी (२०१०) ।

रेनुका तामाङ- ‘सानु लामाका कथामा पारिवारिक चित्रण’ पुष्कर पराजुली (सम्पा) *अभिज्ञान* (शोधमूलक अर्द्धवार्षिक), नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय : वर्ष-२, अङ्क-३, जनवरी-जुन (२०११) ।

राजकुमार छेत्री- ‘सानु लामाको कथाकारिताः विश्लेषणात्मक अध्ययन’ *सिर्जनाको समावलोकन,* दार्जीलिङ : गामा प्रकाशन (सन् २०१०) ।

घनश्याम नेपाल- ‘कथासम्पद्’-का सानु लामाको कथाकारिता’, *विधा विविधा,* कालेबुङ : उपमा प्रकाशन, (सन् २०१४) ।

मेहेरमान सुब्बा- ‘सूर्यको तेस्रो किरण : विहङ्गावलोकन’ *साहित्य सङ्केत* कुमार छेत्री (सम्पा), त्रयमासिक पत्रिका, कालेबुङ : वर्ष-४६, अङ्क-३३, मार्च (२०१३) ।

राजेन्द्र भण्डारी- ‘सिक्किमका प्रमुख नेपाली कथाहरुको विश्लेषण र मूल्याङ्कन’, उत्तरबङ्ग विश्वविद्यालयमा प्रस्तुत पिएचडी शोधप्रबन्ध (अप्रकाशित, सन् २००१) ।

राजकुमार छेत्री- ‘शिवकुमार राईका कथामा वस्तुविधान र पात्रयोजनाको विश्लेषणात्मक मूल्याङ्कन’ उत्तरबङ्ग विश्वविद्यालयमा प्रस्तुत पिएचडी शोधप्रबन्ध (अप्रकाशित, सन् २०१०) ।

रेनुका तामाङ- ‘सानु लामा र पूर्ण राईका कथामा नारी’ उत्तरबङ्ग विश्वविद्यालयमा प्रस्तुत एमफिल लघु शोधप्रबन्ध (अप्रकाशित, सन् २०१०) ।

माथि उल्लेखित प्रकाशित, अप्रकाशित लेखहरुमाथि यस शोधर्थीहरुबाट भएको अध्ययन निम्न बुँदाहरुमा यसरी प्रस्तुत गर्न सकिन्छ –

घनश्याम नेपालले *नेपाली साहित्यको परिचयात्मक इतिहास*अन्तर्गत कथाकार लामाका कथालाई 'प्रयोग कालीन कथा'-अन्तर्गत अध्ययन गरेको देखिन्छ । जसअन्तर्गत नेपालले लामाका कथाहरुमा जनजीवनको संवेदना, करुणा सरल भाषा शैलीमा व्याप्त भएका कुराको समेत चर्चा गरेका छन् । लामाले आफ्ना कथाहरुमा कहीँ कतै मनोवैज्ञानिक पक्षलाई हेर्ने प्रयास गरेता पनि उनी कोइराला, गोठाले, भिक्षुको, तुलनामा, बराबरी पुग्न चुकेका छन् भनी बताइएको पाइन्छ । यसका अतिरिक्त नेपालले *विधा विविधा*भित्र 'कथा सम्पद्-का सानु लामाको कथाकारिता'-अन्तर्गत सानु लामाका कथाहरु प्रायः पात्र र कथावस्तु मध्यम वर्गीय समाजबाट लिएका छन् भन्ने कुराको खुल्लासा गर्दै उनका कथाहरु संवेदनशील हृदय भएका पाठकवर्गका निम्ति मिठो किसिमका छन् भनी बताएका छन् । यस अतिरिक्त उनका कथाका मूल स्वर नै 'करुणा' हो भन्ने कुरामाथि विशेष प्रकाश पारिएको छ ।

राजकुमार छेत्रीले *सिर्जनाको समावलोकन*मा 'सानु लामाको कथाकारिताः विश्लेषण तथा मूल्याङ्कन' भनी अध्ययन गरेको देखिन्छ । जसअन्तर्गत आञ्चलिकता, करुणाभाव, मध्यम र निम्नमध्यम वर्गीय समाजको चित्रण, कथाहरु वस्तुप्रधान हुँदाहुँदै पनि भावप्रधान हुनु जस्ता कथागत वैशिष्ट लामाका कथाकारिता रहेको पुष्टि गरेका छन् । अतः *कथा सम्पद* (सन् १९७४), *मृगतृष्णा* (सन् १९९०), कथासङ्ग्रह र *गोजिका* (सानु लामाका लघु कथाहरु) (सन् १९८१), पत्रिकामा समावेश गरिएका कथाहरुका सङ्क्षिप्त रुपमा चर्चा पनि गरेको पाइन्छ । अतः *मृगतृष्णा* कथासङ्ग्रहमा समावेश रहेका कथाहरु नयाँ तत्त्वहरुले बनेका छन् भनी उल्लेख पनि गरेका छन् । यसरी नै उनले आफ्ना पिएचडी शोध प्रबन्ध- 'शिवकुमार राईका कथामा

वस्तुविधान र पात्रयोजनाको विश्लेषणात्मक मूल्याङ्कन'-अन्तर्गत सानु लामालाई सिक्किमका एकजना सशक्त आञ्चलिक कथाकारका रुपमा चिनाएका छन् । अनि उनले 'समकालीन भारतीय नेपाली कथाका केही प्रवृत्तिहरु' लेखमा (सन् १९८०)-को दशकमा देखा परेका, नयाँ किसिमको प्रयोग गर्ने नौला शिल्प-शैली भएका कथाकारहरुमध्ये सानु लामा पनि एकजना हुन् भनी चिनाएका छन् ।

कविता लामाले कथाकार लामाको कथालाई 'सामाजिक आलोचनाको विशिष्टताको दृष्टि' भनी *अनुशीलन*मा अध्ययन गरेकी छन् । अतः लामाका कथाहरु मूलरुपमा ग्रामीण जनजीवनको परिवेशमा बाँचेका छन् भन्ने विचार उनले प्रस्तुत लेखमा प्रष्टाएकी छन् । 'स्वास्नीमान्छे', 'फूर्बाले गाउँ छाडयो' जस्ता कथाहरुलाई यस दृष्टान्तका रुपमा लिन सकिन्छ ।

इन्द्रबहादुर राईले 'मृगतृष्णामा हिँडदै आनन्दको मार्ग' भनी लामाका *मृगतृष्णा* कथासङ्ग्रहमा समाविष्ट कथाहरुको अध्ययन गरेको भेटिन्छ । उनले प्रस्तुत सङ्ग्रहभित्र रहेका कथाहरुको छोटकरीमा चर्चा समेत गरेका छन् । तर 'पैयुँ फुलेको दिन' शीर्षक कथामाथि राईले अन्य कथाहरुभन्दा अलिक धेरै व्याख्या गरेको पाइन्छ । साँच्चै पैयुँ फूल फूले झैँ गोपाल र संध्याको जीवनमा पनि खुसी उमङग फुलेको पाइन्छ । संध्यालाई विहे गरेपछि गोपाल र संध्याको जीवनमा पैयुँ फुलेको झैँ दिन सुन्दर भएको छ । अतः प्रस्तुत कथामा दक्षिण सिक्किमको आसाङ्गथाङ्ग स्थानको वर्णन पाइन्छ ।

सबिता तामाङले 'सानु लामाको कथा सम्पद् कथासङ्ग्रहका नारी पात्र' *अभिज्ञान* (नेपाली अर्द्धवार्षिकि शोधपत्रिका) लेखमा लामाका प्रथम कथासङग्रह *कथा सम्पद्* (सन् १९७४)-मा समावेश भएका मोठ बाह्रवटा कथाहरुका सबै नारीहरुको सम्यक् रुपले चित्रण गरेकी छन् ।

लामाका प्रस्तुत सङ्ग्रहका 'स्वास्नीमान्छे' नारीइतर प्रायः नारीपात्रहरु पुरुषहरुदेखि शोषित भएको छ भन्ने चूडान्त तामाङले देखाएकी छन् ।

चुनिलाल घिमिरेले *कथाकार सानु लामा* (जीवनी पुस्तक)-मा लामाका बाल्यकाल जीवन कष्टकर रुपमा बितेको, उनले साहित्य लेख्ने प्रेरणा नेपालीका शिक्षक श्री रश्मिप्रसाद आलेद्वारा पाएको, साथै उनको धार्मिक जीवन, राजनीतिक जीवन र साहित्यक जीवनबारेमा छुट्टछुट्टै किसिमले प्रकाश पारेका छन् । यसका अतिरिक्त घनश्याम नेपालद्वारा लेखिएको 'नेपाली कथा-परम्परा र कथाकार सानु लामा :' एउटा लेख, सानु लामाका दुईवटा कथाहरु 'स्वास्नीमान्छे', र 'सात भाइकी चेली' तथा प्रवीण राई 'जुमेली'-का 'पद्मश्री सानु लामालाई तेह्र प्रश्न' अन्तर्वार्तालाई पनि यस जीवनी पुस्तकमा स्थान दिएका छन् । यस पुस्तकमा लामाले पाएका विविध सम्मान, अभिनन्दन, पत्रहरुलाई पनि घिमिरेले छायाचित्रमा उतारेर समाविष्ट गरेका छन्। वस्तुतः घिमिरेले तयार पारेका यस पुस्तक कथाकार सानु लामाबारे बुझ्न चाहने पाठवर्गका निम्ति धेरै उपयोगी देखिन्छ ।

रेनुका तामाङले 'सानु लामाका कथामा पारिवारिक चित्रण' *अभिज्ञान* (नेपाली अर्द्धवार्षिक शोधपत्रिका)-अन्तर्गत उनका कथाहरुको अध्ययन गरेकी छन् । जसअन्तर्गत परिवारको अर्थ, परिवारको परिभाषा र गठन, परिवारको चित्रण, अनि लामाका कथाभित्र पाइने पारिवारिक सम्बन्धको चर्चा समेत गरेकी छन् । लामाका कथामा गरिब, धनी, सम्पन्न, विपन्न, सनातन, अधुनतान जस्ता परिवारको चित्रण रहेको कुरा यिनले राम्ररी अध्ययन गरेर देखाएकी छन् । यस्तै प्रकारले यिनले आफ्नो एमफिलको लघु शोधप्रबन्ध 'सानु लामा र पूर्ण राईका कथामा नारी'-मा सानु लामाका कथाका नारीपात्रको अध्ययन गरी नारीहरुप्रति कथाकार निकै सहानुभूतिशील रहेको बताएकी छन् ।

पुष्प शर्माले ‘समसामयिक नेपाली कथा र सानु लामाका कथामा नारी पात्र’ *नेपाली जर्नल* (नेपाली भाष साहित्य र संस्कृति विषयक अनुसन्धानमूलक अर्द्धवार्षिक)-मा सानु लामाले नेपाली लघु कथाको क्षेत्रमा पुऱ्याएका योगदानको उल्लेख गरेकी छन् । अनि सानु लामाका ‘पैयुँ फुलेको दिन’ कथामा पैयुँ फुल्नु आनन्दमय क्षणको प्रतीक हो भनी बताएकी छन् ।

राजेन्द्र भण्डारीले आफ्नो पिएचडी शोध प्रबन्ध-‘सिक्किमका प्रमुख नेपाली कथाहरुको विश्लेषण र मूल्याङ्कन’-मा सानु लामाका कथाहरुका नारी पात्रहरुका चरित्रको अध्ययन गरेका छन् । यस अध्ययनको क्रममा भण्डारीले ‘स्वास्नीमान्छे’ कथाको ठुलीकान्छीलाई आफ्नो स्वअस्तित्वको रक्षा गर्नसक्ने सबला नारीको रुपमा चिनाएका छन् भने ‘गौरी’ कथाको गौरी पात्रलाई अबला पात्रको दर्जा दिएका छन् । मूलतः लामाका कथाका नारी पात्रहरु कतै पुरुषको कामवासनाबाट त कतै परिस्थितिबाट पीडित हुन परेको उल्लेख भण्डारीले आफ्नो शोध प्रबन्धमा देखाएका छन् ।

जस योञ्जन ‘प्यासी’-ले ‘आधुनिक भारतीय नेपाली कथामा सामाजिक यथार्थता’ *अकादेमी जर्नल*मा सानु लामाले आफ्नो पहिलो प्रकाशित कथा ‘स्वास्नीमान्छे’-देखि नै सामाजिक यथार्थवादमा आधारित कथा लेख्न सफल भएका छन् भन्ने कुरा बताएका छन् ।

भूपेन तामाङले-‘सानु लामाका कथामा नारी’, *अनुशीलन* (साहित्य सामयिकी)-अन्तर्गत सानु लामाका *कथा सम्पद्, मृगतृष्णा* र *सूर्यको तेस्रो किरण* कथासङ्ग्रहमा समाविष्ट रहेका कथाहरुको नारी पात्रको अध्ययन गरेका छन् । उनका कथामा शिक्षित र अशिक्षित नारी, सबला र अबला नारी, बालिका र वृद्धा नारी तथा आमा, छोरी, बुहारी, प्रेमीका, पत्नी जस्ता पात्रका रुपमा नारीहरुको सहभागिता रहेको कुरालाई दर्शाएका छन् । उनले लामालाई स्त्रीप्रति उच्च

सोच राख्ने कथाकारको रुपमा चिनाउदै उनका कथाको नारी पात्रहरु पाठकवर्गलाई परिचित लाग्ने किसिमका हुन्छन् भनी बताएका छन् ।

**१.६ शोधविधि**

प्रस्तुत लघु शोधप्रबन्धमा निगमनात्मक शोध विधिलाई आत्मसात् गरी तथ्यसङ्कलन विधिलाई आधार मानिएको छ । यसो गरिँदा विविध सामग्री सङ्कलन विधि अपनाइने छ । जसमा क्षेत्रीय विधि र पुस्तकालयबाट सामग्री सङ्कलन गरेर शोध अध्ययन गरिएको छ । यस शोध अध्ययनमा *नेपाली लेखन शैली* (सन् २०११)-लाई मूल आधार मानिएको छ भने कतिपय नियम सिक्किम विश्वविद्यालयद्वारा जारी नियमावलीलाई पनि ध्यानमा राखी प्रस्तुत लघु शोधप्रबन्ध तयार पारिएको छ ।

**१.६.१ सामग्री सङ्कलन स्रोत**

प्रस्तुत लघु शोधप्रबन्धमा प्राथमिक, द्वितीय, अनि तृतीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

**क. प्राथमिक स्रोत**

प्रस्तुत शोधकार्य तयार गरिँदा कथाकार सानु लामालाई भेटेर अन्तर्वार्ता लिनु, यिनका कथाबारे थप जानकारी प्राप्त गर्नु, आदि प्राथमिक स्रोत रहेको छ ।

**ख. द्वितीय स्रोत**

प्रस्तुत शोधकार्यको द्वितीय स्रोतका रुपमा विविध व्यक्तिहरुका घरेलु पुस्तकालयदेखि विश्वविद्यालय, महाविद्यालय, सरकारी र गैर सरकारी पुस्तकालय आदिबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । जसमा सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय र नेपाली

विभागको पुस्तकालय, उत्तरबङ्ग विश्वविद्यालयको पुस्तकालय, मिरिक महाविद्यालयको पुस्तकालय, सियोक चियाबारीको भानु पुस्तकालय, गौतम लामा, सानु लामा, रुद्र पौडयाल, सी बी कार्की, र पारसमणि दङ्गालको घरेलु पुस्तकालय प्रमुख रहेका छन् ।

### ग. तृतीय स्रोत

प्रस्तुत लघु शोधप्रबन्धमा इन्टरनेट, ई-मेल, ई-समचार, वेवसाइट ब्लग, सोसियल नेटवर्किङ, दुरदर्शन, आकाशवाणी जस्ता विद्युतीय स्रोतबाट लिइएका सामग्री सङ्कलनलाई तृतीय स्रोतको रुपमा लिइएको छ ।

## १.७ औचित्य

प्रस्तुत शोधप्रबन्धभन्दा पहिले सानु लामाका कथाहरुबारे बौद्ध दर्शनको दृष्टिले छुटपुट रुपमा मात्र लेखहरु प्रकाशित भएको पाइन्छ । यिनका हालसम्म प्रकाशित कथाहरुलाई लिएर बौद्ध दर्शनको दृष्टिले भने खासै अध्ययन गरिएको थाहा लाग्दैन । त्यसैले सानु लामाका प्रकाशित कथासङ्ग्रहलाई बौद्ध दर्शनको प्रयोगको दृष्टिले हेरेर अध्ययन गर्नु यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ प्रयोजन

सिक्किम विश्वविद्यालय एमफिल पाठचक्रमअन्तर्गत क्रमिक मूल्याङ्कनको निम्ति प्रस्तुत लघु शोधप्रबन्ध व्यक्तिगत शोधको रुपमा गरिएको हो । यो कुनै परियोजनाको निम्ति होइन तर शैक्षिक पूर्तिका लागि तयार गरिएको हो ।

## १.९ सीमाङ्कन

सानु लामाका आजसम्म प्रकाशित तिनवटा कथासङ्ग्रह र *गोजिका*मा प्रकाशित लघु कथाहरुमा मात्र बौद्ध दर्शनको प्रयोग के कसरी भएको छ भन्ने विषयमा प्रस्तुत शोधप्रबन्ध केन्द्रित रही अध्ययन गरिएको छ। विभिन्न पत्रपत्रिकामा प्रकाशित यिनका अन्यान्य कथाहरुलाई यस शोध प्रबन्धमा गाभिएको छैन।

यस लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल तहको उपाधिको निम्ति निर्धारित पाठ्यक्रमको प्रयोजन र समयावधिभित्र पुरा गरी अध्ययन गरिएको छ।

# दोस्रो अध्याय

## २ बौद्ध दर्शन र सम्प्रदाय

### २.१ दर्शनको अर्थ र परिभाषा

'दर्शन' संस्कृतको तत्सम शब्द हो । दृश् + अन = दर्शन । 'दर्शन' भन्नाले देखिनु, हेर्नु भन्ने बुझिन्छ ।[1] *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार 'दर्शन'-को अर्थ यसरी दिएको पाइन्छ । जसलाई बुँदागत रुपमा प्रस्तुत गरिन्छ–

"अ) हेर्ने काम, हेराइ, अवलोकन, निरीक्षण (जस्तै, देसदर्शन, दर्शनभ्रमण),

आ) देवीदेवता, महापुराण, मान्यजन आदिलाई गरिने साक्षात्कार वा अभिवादन (जस्तै, उसले मन्दिरमा गएर देवताको दर्शन गऱ्यो) । महात्माको दर्शन गर्न उनले दुई घन्टा प्रतीक्षा गरे ।

इ) जीवनजगत्लाई आध्यत्मिक दृष्टिले गहन चिन्तन गर्ने शास्त्र (जस्तै, वेदान्त दर्शन, बौद्ध दर्शन, पूर्वी दर्शन, पश्चिमी दर्शन आदि ।

ई) ईश्वरसम्बन्धी चिन्तन, अध्यात्मविद्या ।

उ) कुनै विषयमा गरिने गहन चिन्तन (जस्तै, शिक्षाको दर्शन, राजनीतिको दर्शन, भौतिक दर्शन ।"[2]

---

[1] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा, सन् २००९), *प्रयोगात्मक नेपाली शब्दकोश,* तेस्रो संस्क काठमाडौं : विद्यार्थी प्रकाशन प्रा लि, पृ- ४८५

[2] उही, पृ- ४८५

'दर्शन' शब्द अङ्ग्रेजीको 'फिलोसफी'-को समानार्थी रहेको पाइन्छ । ग्रिसेली भाषाको 'फिलास' र 'सोफिया' दुई शब्द मिलेर बनेको शब्द हो 'फिलोसफी' । 'फिलास' भन्नाले प्रेम वा मित्रताको अर्थ बुझिन्छ भने 'सोफिया' भन्नाले बुद्धि वा विवेक भन्ने बुझिन्छ । अतः फिलोसफी'-को अर्थ कुनै पनि विषयवस्तुबारे बौद्धिक प्रेम राख्नु भन्ने बुझिन्छ ।[१]

*कम्प्यारिटिव इंग्लिस नेपाली डिक्सनरी*अनुसार 'दर्शन' शब्दको अर्थ यसरी दिएको पाइन्छ।

"१. क) तर्क र युक्तिको प्रयोगद्वारा विश्वको अस्तित्व, दृश्य र अदृश्य र जगत् मानवस्वभाव, प्रकृतिको स्वरुप र कारण बारेमा वास्तविकताको ज्ञान तथा सत्यको खोजि वा विवेचन गर्ने शास्त्र, दर्शनशास्त्र ।

ख) विचार र तर्कद्वारा ज्ञान र सत्यको खोजी, आधारभूत वास्तविकताका कारण नियमको अन्वेषण, दर्शन, तत्त्वज्ञान, प्रयोगमूलक तरिकाको अपेक्षा ।

२. क) विवेक, बुद्धि र तर्कद्वारा प्रतिपादित विशिष्ट प्रणाली वा विश्वास, दार्शनिक प्रणाली ।

ख) जीवनबारे व्यक्तिगत विचार, धारणा वा मान्यता

३. विशिष्ट अध्ययन वा ज्ञान (डक्टर अव् फिलोसफी)

४.कुनै विशेष दर्शनद्वारा गरिने नियमित आचरण, स्थिर चित्तता, गम्भीरता, मानसिक शान्ति।"[२]

---

[१] दुर्गाप्रसाद अर्याल, सन् २०००, *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन,* काठमाडौं : सुरज प्रिन्टिङ्ग प्रेस, असन त्यौड, नेपाल पृ- ३

[१] सिद्धार्थप्रसाद लोहानी र रामेश्वरप्रसाद अधिकारी, (सम्पा, सन् २०१२), *कम्प्यारिटिप इंग्लिश नेपाली डिक्सनरी,* सिलगढी : एकता बुक हाउस, पृ- १२२७

*नेपाली बृहत् शब्दकोश*मा 'दर्शन' शब्दको अर्थ यस प्रकारले दिएको पाइन्छ–

"अ) कुनै पनि वस्तुलाई हेर्ने काम, नजरगराइ, हेराइ । कुनै देवदेवीका प्रतिमा आदि वा योगी, महात्मा सज्जन आदि आफ्ना मान्यजनलाई भक्तिपूर्वक गरिने ढोग र साक्षात्कार, नमस्कार ।

आ) प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या, तत्सम्बन्धी विषयमा व्यापक रुपले यथार्थ परिचय दिने शास्त्र, आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण ।"[१]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'दर्शन'-को यस अर्थलाई आधार लिइएको छ ।

## २.२ बौद्ध दर्शनको परिचय

विविध नेपाली शब्दकोशमा 'बौद्ध' शब्दको अर्थ यसरी दिएको पाइन्छ–

**क)** ***ने****पाली शब्दसागर*

"अ) बुद्धसम्बन्धी, बुद्धधर्मी, बौद्धिक ।

---

[१] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल (सम्पा, सन् २०१२), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ- ६०१

आ) बुद्धधर्मको अनुयायी, बुद्धसम्प्रदाय, काठमाडौँ जिल्ला शहरको पूर्वोत्तरमा रहेको एक प्रसिद्ध स्तूप ।"[1]

**ख)** *प्रयोगात्मक नेपाली शब्दकोश*

"अ) बौद्धसम्बन्धी, बुद्धको ।

आ) बुद्धधर्मसित सम्बन्धित, बुद्धधर्म मान्ने (उदा बौद्ध भिक्षु, बौद्ध मत) ।"[2]

*नेपली बृहत् शब्दकोश*अनुसार 'बौद्ध' शब्दको  अर्थ यसरी दिएको पाइन्छ ।

"अ) बुद्ध वा बुद्धिसम्बन्धी, बौद्धिक ।

आ) बुद्धधर्मको अनुयायी वा त्यो धर्म मान्ने सम्प्रदाय ।

इ) काठमाडौँको पूर्वोत्तरमा चावहिल नजिकै रहेको एक प्रसिद्ध स्तूप ।"[3]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'बौद्ध'-को यस अर्थलाई आधार लिइएको छ ।

पूर्वीय साहित्यमा विविध अध्यात्म दर्शनहरुमध्ये बौद्ध दर्शनलाई एउटा प्रमुख दर्शन मानिन्छ । यस दर्शनका प्रवर्तक गौतम बुद्ध हुन् । संसारका दुःख कष्टहरुदेखि छुटकारा पाउनका लागि (५२८ खृ पू )-मा सिद्धार्थ गौतमले बौद्ध दर्शनको प्रतिपादन गरेका हुन् । बोधिज्ञान प्राप्त गर्नु नै बौद्ध दर्शनको मूल सार हो । जबसम्म मानिसले जन्म, रोग, बूढेशकाल, र मृत्यु बारेमा

---

[1] वसन्तकुमार  शर्म्मा, (सम्पा, सन् २००६), *नेपाली शब्दसागर,* काठमाडौ : शिखर समुद्र अफ्सेट बागबजार, पृ- ९८३

[2] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई,  पूर्ववत्, पृ- ९८३

[3] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, (सम्पा, सन् २०१२), पूर्ववत्, पृ- ९३१

बुझ्दैनन् तबसम्म उनले बोधिज्ञान प्राप्त गर्न सक्तैनन् । अतः बौद्ध दर्शनका अष्टांगिक मार्गद्वारा ती चार आर्य सत्य बुझ्न सकिन्छ । ती अष्टांगिक मार्ग हुन्- सम्यक् दृष्टि, सम्यक् कर्म, सम्यक् संकल्प, सम्यक् वाक्, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् आजीविका र, सम्यक् समाधि ।[१] यी अष्टांगिक मार्गको पालन गर्न सके मात्र मानिसले बोधिसत्व प्राप्त गर्न सकिने बौद्ध दर्शनको मान्यता रहेको छ ।

बौद्ध दर्शनका 'सम्प्रदाय' बुझ्न अघि 'सम्प्रदाय' शब्दको अर्थ बुझ्न आवश्यक देखिन्छ। 'सम्प्रदाय' संस्कृतको तत्सम शब्द हो । सम + प्रदान = सम्प्रदाय ।[२] *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार 'सम्प्रदाय'-को अर्थ यसरी दिएको पाइन्छ-

"गुरु शिष्य-परम्पराबाट चलिआएको धार्मिक मत वा त्यस्तो मतमा लाग्ने समूह, खास चिन्तकले प्रतिपादन गरेको सिद्धान्त, विचारधारा वा त्यसको परम्परा (उदा अलङ्कारवादी सम्प्रदाय, रीतिवादी सम्प्रदाय, संरचनावादी सम्प्रदाय, रुपान्तरणवादी सम्प्रदाय) ।"[३]

गौतम बुद्धले प्रारम्भ गरेको बौद्ध धर्म सुरुमा एउटै थियो । पछिबाट यो धर्म विविध सम्प्रदायमा विभाजन भएको पाइन्छ । ती हुन्- थेरवाद (हीनयान), महायान र बज्रयान ।

---

[१] भीम योन्जन, सन् २०१३, *बौद्ध धर्म-एक परिचय,* सिलगढी : अमित प्रिन्टर्स, पृ- १६

[२] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, सन् २००९, पूर्ववत्, पृ- ९८३

[३] उही, पृ- ९८३

## २.३ बौद्ध सम्प्रदायका प्रकार

## २.४ थेरवाद सम्प्रदाय

बौद्ध दर्शन सम्प्रदाय प्रारम्भमा 'थेरवाद' नामले प्रचलित थियो । समयको परिवर्तनसँगसँगै बौद्ध दर्शनका अन्य सम्प्रदायहरु पनि विकसित भए । यस सम्प्रदायले शील, समाधि, र प्रज्ञामाथि आस्था राखेर बुद्धलाई ईश्वरका रुपमा होइन गुरुका रुपमा मानेको पाइन्छ। यस सम्प्रदायका मानिसहरु अन्धो भक्तिवाद, पुरोहितवाद, भाग्यवाद जस्ता कुराहरुमा विश्वास गर्दैनन् । ज्ञानमार्गद्वारा बुद्धत्व हासिल गर्ने चारवटा उपायहरु हुन्– अनागामिन, अर्हत, सक्रियतागामिन, र श्रोतापन्न । मृत्युपछि बन्धनबाट मुक्त हुनेलाई 'अनागामिन' भनिन्छ। बोधिसत्व प्राप्त गरेर निर्वाण प्राप्त गर्नुलाई 'अर्हत' भनिन्छ । आफ्नो इच्छाअनुसार मृत्यु पछि फेरि जन्म लिनेहरुलाई 'सक्रियतागामिन' भनिन्छ । गौतम बुद्धका मुख्य उपदेशहरु प्रचार प्रसार गर्नुलाई 'श्रोतापन्न' भनिन्छ । यस मार्गको माध्यमबाट मात्र मानिसहरुले मोक्ष प्राप्त गर्न सक्छन् भन्ने विश्वास 'थेरवाद' सम्प्रदायीको छ ।[१]

### २.४.१ महायान सम्प्रदाय

थेरवादबाट नै महायान सम्प्रदायको विकास भएको पाइन्छ । तर यिनीहरुले केवल आफ्नो हित र मुक्तिका लागि मात्र सोच्न थालेको देखिन्छ । यसो हुँदा बुद्धको महापरिनिर्वाणपछि कतिपय सर्वहारावर्ग सहाराहीन भए । उनीहरुका निम्ति कसैले नसोच्ने भए । अतः करुणा र मैत्री भावना लिएर संसारका सबै प्राणीहरुका मुक्तिका चाहना राखेर महायान सम्प्रदायको विकास भयो । उनीहरुले आफ्नो मुक्तिको निम्ति मात्र इच्छा गर्नेहरुप्रति हीन भावना राखे । अनि

---

[१] भीम योन्जन, सन् २०१३, पूर्ववत्, पृ- ७५

बुद्धलाई केवल गुरुको रुपमा मात्र मान्नेहरुलाई 'हीनयान'-को आरोप लगाए र आफ्नो सम्प्रदायलाई 'महायान' भन्न थाले । बुद्धको महापरिनिर्वाणपछि थेरवादीहरुले निराकार रुपमा बुद्धको उपदेशहरु पालन गर्न थाले । तर महायानीहरुले बुद्धको प्रतिमा राखेर मानिसहरुको मनमा बुद्धको प्रतीक चिनाउन थाले । मूर्ति पुजकको आधारमा हेर्दा महायानीहरु हिन्दु धर्मका समकक्षी रहेको देखिन्छ । यद्यपि महायानीहरु बुद्धले दिएका उपदेशहरुको पालन गर्न चुकेनन् । अतः मानिसहरुले सरल रुपमा बुद्धलाई चिनुन् भनेर नै बुद्धका मूर्ति बनाएका हुन् भन्ने महायानीहरुको विश्वास छ ।[१]

(१०० खृष्टाब्द)-मा कश्मीरमा आयोजित चौथो  बौद्ध सम्मेलनबाट महायानी सम्प्रदाय सुरु भएको कुरा इतिहासबाट जान्न सकिन्छ ।[२] सम्राट कनिस्कका समयमा भएको  यस सम्मेलनमा आचार्य बसुमित्र अध्यक्षका रुपमा तथा दार्शनिक नागार्जुनको उपस्थिति रहेको थियो भनी अन्दाज गर्न सकिन्छ । अन्ततः माध्यमिका दर्शनका प्रर्वतक नागर्जुन र योगाचार दर्शनका अगुवा असंगत र वसुबन्धुको महायानी सम्प्रदायमा धेरै प्रभाव परेको देखिन्छ । महायानीहरुले बुद्धलाई  सर्वश्रेष्ठ र आदि बुद्ध मान्दछन् । यस संसारमा आदि बुद्ध मानवमा अवतरण भएर जन्म  लिइरहन्छन् भन्ने कुरामा यस सम्प्रदायले विश्वास गर्छ ।

### २.४.२ वज्रयान सम्प्रदाय

महायान सम्प्रदाय पूर्ण रुपमा विकास भएपछि मात्र 'वज्रयान सम्प्रदाय'-को विकास भएको हो । अतः यस सम्प्रदायलाई सबैभन्दा कान्छो सम्प्रदाय मानिन्छ । वज्रयान सम्प्रदायको

---

[१] भीम योन्जन, सन् २०१३, पूर्ववत्, पृ- ७७

[२] उही, पृ- २

सुरुवात चौथो  शताब्दीको अन्त्यतिर भारतबाट नै भएको हो । तर आठौं शताब्दीमा मात्र यस सम्प्रदायले पूर्ण रुपमा फस्टाउने मौका पायो । नालान्दा विश्वविद्यालयका गुरु पद्‌मसम्भव, बंगालका तान्त्रिक गुरु तिलोपा र नेपालका धार्मिक व्यक्तित्व मच्छेन्द्रनाथलाई वज्रयान सम्प्रदायका सिद्ध पुरुष मानिन्छ । महायानी सम्प्रदायीहरु जस्तै वज्रयान सम्प्रदायका अनुयायीहरुले पनि बुद्धका प्रतिमा राखेर नै बुद्धले भनेका उपदेशहरु पालन गर्दछन् । यद्यपि वज्रयानी सम्प्रदायीहरुले तन्त्र-मन्त्रमा विशेष जोड दिन्छन् । महायानीदेखि वज्रयानीहरुलाई अलग गराउने यस्ता व्यावहारिक सिद्धान्तहरु बाहिरबाट लिइएका चाहिँ पट्टकै होइनन् ।[१] तर यसलाई बौद्ध सिद्धान्तको अन्य विकसित रुपहरु मान्न सकिन्छ । वज्रयान सम्प्रदायका बौद्ध अनुयायीहरुले पाली भाषाबाट तिब्बती भाषामा अनुवाद गरिएका 'कान्ग्यूर' र 'तेन्ग्यूर' धार्मिक ग्रन्थहरुलाई विशेष रुपमा प्राथमिकता दिन्छन् । ती दुई धार्मिक ग्रन्थभित्र बौद्ध दर्शनका विविध पक्षहरुलाई समेटिएको पाइन्छ । विद्वान् बुतोनद्वारा सम्पादित 'कान्ग्यूर' र 'तेन्ग्यूर' धार्मिक ग्रन्थहरु पाली भाषाबाट तिब्बती भाषामा अनुवाद गरिँदा यसमा तन्त्र-मन्त्रका कुराहरु पनि थप राखिएको पाइन्छ । 'कान्ग्यूर' तिब्बती शब्द हो । तिब्बती भाषामा 'का' को अर्थ बुद्ध वचन र 'ग्यूर' को अर्थ अनुवाद हो । बुद्ध वचनको अनुवाद नै 'कान्ग्यूर' हो । 'तेन्ग्यूर' पनि तिब्बती शब्द हो । तिब्बती भाषामा 'तेन' को अर्थ अन्य ग्रन्थ हो । अन्य बौद्ध विद्वान्हरुले लेखेका ग्रन्थ 'तेन्ग्यूर' हो ।[२]

[१] भीम योन्जन, सन् २०१३, पूर्ववत, पृ- ७७

[२] दावा टी जीम्ब, सन् २०११, *हिमाली बौद्ध परिदर्शन*, सिलगढी : शिवाकोटि प्रिन्टिङ प्रेस, प्रधान नगर, पृ- ७०

वस्तुतः भुटान, दार्जिलिङ, सिक्किम, नेपालका हिमाली क्षेत्र तथा काठमाडौंका केही नेवारहरुले वज्रयानी सम्प्रदाय मान्दछन् ।

पूर्वीय अध्यात्म दर्शनहरुमध्ये बौद्ध दर्शन पनि एउटा मुख्य दर्शन हो । बुद्धले सुरु गरेको बौद्ध दर्शन, उनले महापरिनिर्वाण प्राप्त गरेपछि विविध सम्प्रदायमा बौद्ध दर्शन विभाजन भएको हो । थेरवाद, महायान, र वज्रयान बौद्ध दर्शनका प्रमुख सम्प्रदायहरु हुन् । थेरवादका अनुयायीहरुले बुद्धलाई केवल गुरुको रुपमा मानेर उनले दिएका उपदेशहरु पालन गर्दछन् । तर महायान र वज्रयान सम्प्रदायीहरुले बुद्धको प्रतिमा खडा गरेर उनलाई ईश्वरको रुपमा पुजेर बुद्धको उपदेशहरु पालन गर्दा तन्त्र-मन्त्रमा विशेष जोड दिँदछन् । वस्तुतः बौद्ध दर्शनका सबै सम्प्रदायहरुले आ-आफ्ना व्यावहारिक सैद्धान्तिक आधारमा बुद्धका मूल उपदेशलाई भने पालन गरेको पाइन्छ । यसैले वर्तमान समयमा पनि विश्वका विविध राष्ट्रहरुमा थेरवाद, महायान र वज्रयान बौद्ध सम्प्रदायहरु सक्रिय रहेको पाइन्छ ।

## २.५ बौद्ध दर्शनका पक्षहरु

### २.५.१ शून्यवाद

'शून्यवाद' संस्कृतको तत्सम शब्द हो । शून्य + वाद = शून्यवाद ।[१] *प्रयोगात्मक नेपाली शब्दकोश*मा 'शून्यवाद'-को परिभाषा निम्न प्रकारले दिएको पाइन्छ –

"क) संसारका सबै वस्तुलाई अनित्य मान्ने मत, ईश्वर नमान्ने, नास्तिक सिद्धान्त ।"[२]

---

[१] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत, पृ- ९४३

[२] उही, पृ-९४४

विभिन्न शब्दकोशमा 'शून्यवाद'-को अर्थ यसरी दिएको पाइन्छ–

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) ईश्वर, आत्मा आदिको नित्य सत्ता नमान्ने र संसारलाई शून्य ठान्ने एक दार्शनिक सिद्धान्त, बौद्धको माध्यमिक दर्शन ।

आ) नास्तिक मत ।"[१]

*नेपाली शब्दसागर*अनुसार

"अ) ईश्वर-आत्मा-जीव आदिको नित्य सत्ता नमान्ने र संसारलाई शून्य मान्ने एक दार्शनिक सिद्धान्त, बौद्ध-माध्यमिक दर्शन ।"[२]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'शून्यवाद'-को यस अर्थलाई आधार लिइएको छ ।

संसारमा केही कुरा पनि आफै सृजना भएको छैन, सबै शून्य छन् भन्ने अवधारणा नै 'शून्यवाद' हो । यस सिद्धान्तका प्रवर्तक नागर्जुनले *माध्यमिका शास्त्र*मा ब्रह्माण्ड सत्यता शून्य छ भनी विस्तृत चर्चा गरेका छन् ।[३] उनले वर्णन र व्याख्या गरेर बुझाउन नसकिने सत्यलाई 'परमार्थ सत्य' अनि निर्वाण तथा अनुभव गरेर जनमानसले बुझ्न सकिने सत्यलाई सापेक्षिक सत्य वा भौतिक सत्य भनेर सत्यलाई दुई भागमा विभाजन गरेका छन् । नागर्जुन पनि

---

[१] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- ११९५

[२] वसन्तकुमार शर्म्मा, सन् २००६, पूर्ववत्, पृ- १२५२

[३] भीम योन्जन, पूर्ववत्, पृ- ७२

बौद्धमार्गी भएको हुँदा उनको शून्यवाद सिद्धान्तले बौद्ध दर्शनमा ठुलो प्रभाव पारेको देखिन्छ । दृष्टिगत स्वरुपविहिनता, वर्णन गर्न नसकिने कुरा नै 'शून्यता' हो । शून्यवादी सिद्धान्तलाई मध्यम पथ मान्न सकिने कुरा नागार्जुनले गरेका छन् । बुद्धले 'प्रतीत्यसमुत्पाद'-लाई मध्यम मार्ग मानेका छन् । कुनै कारणबाट कार्य हुन्छ र कारणबाट उत्पन्न भएको वस्तुको अस्तित्व भए तापनि यसले आफुदेखि अलगै थोकमा भर परेर मात्र अस्तित्व पाएको हुन्छ भन्ने कुरामा बौद्ध धर्मावलम्बीहरु विश्वास गर्छन् । शून्यवादीहरु आत्मा छैन भन्ने कुरामा विश्वास राख्छन् । उनीहरु भन्छन्, आत्मा छैन, त्यो एउटा तत्त्व हो, जो आदिदेखि अनादिकालसम्म चोखो हुन्छ । त्यसबारे ज्ञान प्राप्त गर्नु नै बोधित्व प्राप्त गर्नु हो । वास्तवमा सबै कुराहरु नै पञ्च तत्त्वद्वारा निर्माण भएको हुन्छ र त्यस्ता पञ्च तत्त्वद्वारा निर्मित सबै कुराहरु शून्य छ भन्ने कुरामा बौद्ध दर्शनको मान्यता रहेको छ । बौद्ध धर्मले आत्मालाई स्वीकार नगरेर आत्मा नामको कुनै पनि कुरा नभएको दावी गर्छ । बौद्ध धर्मले यस संसारमा मानिस जन्मिएपछि उसको मृत्यु हुन्छ, शरीर विनास भएर जान्छ, आत्मा भन्ने केही पनि रहँदैन भन्ने कुरामा विश्वास राख्छ ।

### २.५.२ मैत्री र करुणा

'मैत्री' संस्कृतको तत्सम शब्द हो । मित्र + ई = मैत्री ।[१] *प्रयोगात्मक नेपाली शब्दकोश*मा 'मैत्री'-को परिभाषा निम्न प्रकारले दिएको पाइन्छ –

"अ) मित्रता, दोस्ती, आत्मीयता, घनिष्ठता । (उदा उनीहरुका बीच मैत्री बढेको छ) ।

आ) मित्रताको, मित्रता सम्बन्धी (उदा मैत्री सम्बन्ध, मैत्री संघ) ।"[२]

---

[१] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् पृ- ८१९

[२] उही, पृ- ८१९

*नेपाली शब्द सागर*अनुसार

"अ) मित्रभाव, मित्रता, दोस्ती, स्निग्धता, मितेरी, उपकारीपना, सहृदयता, हार्दिकता, अनुराधा, नक्षत्र ।"[१]

*नेपाली बृहत् शब्दकोश*मा यसको अर्थ यसरी दिएको पाइन्छ ।

"अ) आपसमा हुने मित्र भाव, मित्रता, दोस्ती ।"[२]

'करुणा' संस्कृतको तत्सम शब्द हो । करुण + आ = करुणा ।[३]

*प्रयोगात्मक नेपाली शब्दकोश*मा 'करुणा'-को परिभाषा निम्न प्रकारले दिएको छ –

"अ) दुःखी वा असहायलाई देख्दा हुने अनुभूति, संवेदना, दया । जाडाले कठाङ्ग्रिएका असहायहरुलाई देख्दा मेरो मनमा करुणा जाग्यो ।"[४]

*नेपाली शब्दसागर*अनुसार

"अ) दया, कृपा, अनुग्रह, अर्कालाई परेको दुःखकष्ट, आपत्ति कसरी हटाउन सकिएला भन्ने प्रेरणा ।"[५]

---

[१] वसन्तकुमार शर्म्मा, (सम्पा), पूर्ववत्, पृ- १०९०

[२] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- १०३५

[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् पृ- १५५

[४] उही, पृ- १५५

[५] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- १९३

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) दु:खी, दरिद्री, रोगी आदिलाई दया गर्ने स्वभाव भएकी, दयालु, मायालु ।

आ) करुणा भएको, अरुलाई दयामाया गर्ने, दयालु ।"[१]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'मैत्री र करुणा'-को यस अर्थलाई आधार लिइएको छ ।

मैत्री र करुणालाई मूल मन्त्र मान्दै बुद्धले भनेका छन्- भेदभावरहित, वासनारहित, आकर्षणरहित, स्वार्थरहित प्रेम नै मैत्री र करुणामा आधारित प्रेम हो । यस किसिमको प्रेमले मानिसलाई सधैँ आनन्दित तुल्याउँछ । आफु आनन्दित हुँदा आफुसितै अन्य मानिसलाई पनि आनन्द दिनु वास्तविक मैत्री हो र अन्यको दु:ख कम गर्न सधैँ कामना गर्नु नै 'करुणा' हो । नत्र भने मैत्री, करुणा र प्रेमको ठाउँमा स्वार्थ लुकेको हुन्छ । मैत्री र करुणामा आधारित प्रेमले सधैँ अरुहरुको दु:ख र आकांक्षाहरुलाई बुझ्ने प्रयास गर्छ र अन्यको दु:ख कसरी कम गर्न सकिन्छ, कसरी उनीहरुको आंकाक्षा पुरा गर्न सकिन्छ भन्ने कामना राख्छ । ज्ञान प्राप्त गर्नलाई प्रत्येक मानिसले सबैसित मित्रता गाँस्नुपर्छ, सबैलाई आफ्नो साथी सम्झनुपर्छ, अन्यलाई निस्वार्थ प्रेम गर्नुपर्छ । यस संसारमा भएका दु:खी प्राणीहरुप्रति करुणाभाव राख्नु पर्छ । दु:खमा परेका मानिसलाई माया गरेर उनीहरुलाई सहयोग गर्न सकिन्छ । अतः मैत्री र करुणाको भावनाले नै अष्टांगिक मार्गतर्फ पुग्न सकिन्छ भन्ने धारणा बौद्धमार्गीहरुमा रहेको पाइन्छ । बुद्धत्व प्राप्त गर्नका निम्ति मैत्री र करुणालाई प्रथम सोपान मानिन्छ ।

---

[१] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- १९३

### २.५.३ मध्यम मार्ग

'मध्यम' संस्कृतको तत्सम शब्द हो । मध्य + म = मध्यम ।[१] *प्रयोगात्मक नेपाली शब्दकोश*मा 'मध्यम'-को परिभाषा यस प्रकारले दिइएको छ –

"अ) आकृति, गुण, रुप आदिका दृष्टिले बीचमा पर्ने, मझौलो, (उदा मध्यम स्तरको, मध्यम उचाइ, मध्यम मार्ग ) ।

आ) माझको, बीचको, केन्द्रीय (उदा मध्यम विन्दु ) ।

इ) नबढी वा नघटीको, साधारण, सामान्य (उदा मध्यम पुत्र) ।"[२]

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) गुण, परिणाम, स्तर, आदिका दृष्टिले न घटीको न बढीको बीचको, मझौला ।"[३]

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) आउनेजाने बाटो, सडक, पथ ।

आ) सम्प्रदाय धर्म ।

इ) कुनै उपाय, युक्ति, रीति ।

उ) तरिका, काइदा, ढङ्ग, चाल ।"[४]

---

[१] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, (सम्पा), पूर्ववत्, पृ- ७८०

[२] उही, पृ- ९८४

[३] उही, पृ- १०१२

[४] उही, पृ- १०१२

*नेपाली शब्दसागर*मा 'मार्ग' शब्दको अर्थ यसरी दिएको पाइन्छ ।

"अ) मृगमद, मृगशिरा, नक्षत्र, मार्ग महीना, मार्गशीर्षक, मंसीर, मूलबाटो, मूलसडक, पथ, उपाय, जुक्ति, तरिका, काइदा, वर्गीय, प्रथा, समुदाय, खोज, अन्वेषण आदि ।"[१]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'मध्यम मार्ग'-को यस अर्थलाई आधार लिइएको छ ।

'मध्यम' भन्नाले बीच र 'मार्ग' भन्नाले बाटो भन्ने बुझिन्छ । 'मध्यम मार्ग' एउटा यस्तो माग हो जसद्वारा बुद्धत्व प्राप्त गर्न सकिन्छ । यस मार्गको अनुसरण गरेमा मानिसलाई आत्मिक सुख प्राप्त हुन्छ भन्ने बौद्ध दर्शनको मान्यता रहेको छ । सिद्धार्थले पनि मध्यम मार्गको पालन गरेर नै बुद्ध भएका हुन् । मध्यम मार्गले मूलतः मानिसलाई तिनवटा असल कुराहरु सिकाएको पाइन्छ । ती हुन्- १) मनलाई शुद्ध बनाउनु, २) सत्कर्म गर्नु, र ३) दुष्कर्मदेखि टाढो बस्नु । यस मार्गले मानिसलाई आर्य अष्टांगिक मार्गको कुरा सिकाएको पाइन्छ । [२]

### २.५.४ पञ्चशील

'पञ्च' संस्कृतको तत्सम शब्द हो ।[३] *प्रयोगात्मक नेपाली शब्दकोश*मा 'पञ्च'-को परिभाषा निम्न रुपले दिइएको छ –

"अ) पाँच, पाँचको समूह (उदा पञ्चरत्न, पञ्चपाण्डव, पञ्चकन्या) ।

---

[१] वसन्तकुमार शर्म्मा, (सम्पा), पूर्ववत, पृ- १०६६

[२] भीम योन्जन, पूर्ववत्, पृ- ७

[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा), पूर्ववत्, पृ- ५७६

आ) पाँच जना प्रतिष्ठित व्यक्ति, पञ्चभलादमी वा सोमध्ये एक । गाँउमा सानोतिनो झगडामा पञ्चले गरेको निर्णय मान्य हुन्छ ।

इ) पञ्चायती व्यवस्थामा लागेको व्यक्ति, पञ्चायतको कुनै एकाइको सदस्य । पञ्चायती व्यवस्थामा पञ्चहरुको बोलवाला हुन्थ्यो ।"[१]

*नेपाली शब्द सागर*अनुसार

"अ) पाँचको संख्या, '५'-को अंक, कममा कम पाँच जनाभद्र व्यक्तिको समुदाय, पञ्चभलाद्मी, पञ्चमध्ये एक भलाद्मी, पञ्चायतको एक सदस्य । गणनाको क्रममा पाँचौ, चारभन्दा पछिल्लो ।"[२]

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) पाँचको सङख्या ।

आ) पाँच वा त्यसभन्दा बढी भलादमी मध्ये एक ।

इ) पञ्चायतको सदस्य ।

ई) कुनै प्रकारका पाँच वस्तुहरुको समुदाय ।"[३]

'शील' भन्नाले नीति आचरण भन्ने बुझिन्छ । *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार 'शील'-को परिभाषा निम्न प्रकारले छ –

---

[१] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा), पूर्ववत्, पृ- ५७६

[२] वसन्तकुमार शर्म्मा, (सम्पा), पूर्ववत्, पृ- ७७८

[३] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- ७१८

"अ) असल बानीवेहोरा, राम्रो स्वभाव, सच्चरित्रता (शीलस्वभाव ) ।

आ) लागेको, संलग्न, उन्मुख, तत्पर भइरहेको आदि अर्थ जनाउन नाम शब्दको पछाडि आउने शब्दांश (उदा उन्नतिशील, विकाशशील, प्रगतिशील, क्रियाशील ) ।"[१]

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) राम्रो बानीवेहोरा, असल चालचलन, चरित्र, स्वभाव, प्रकृति, जोडिएको, लागेको अभ्यस्त, अनुरक्त आदि अर्थ दिई समासका अन्त्यमा प्रयोग हुने (जस्तो भ्रमशील स्नेहशील, सौन्दर्यशील ) ।"[२]

*नेपाली शब्दसागर*अनुसार

"अ) प्राणीको सहज धर्म, प्रकृति, बानीबेहोरा, स्वभाव, चालचलन, व्यवहार, चाला ।

आ) शब्दका पछिल्तिर जोडिएर अर्थमा 'स्वभावको, भएको, भर्ने' आदि अर्थविस्तार गराउने विशेषणधर्मी शब्द ।"[३]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'पञ्चशील'-को यस अर्थलाई आधार लिइएको छ ।

बौद्ध दर्शनको अर्को एउटा महत्त्वपूर्ण पक्ष पञ्चशील हो । पञ्चशील भन्नाले पाँचवटा राम्रो आचरण भन्ने बुझिन्छ । ती पञ्चशील हुन्– नचोर्नु, नढाँटनु, व्यविचार नगर्नु, हिंसा नगर्नु, र मदपान नगर्नु । यी पञ्चशीलको पालन गर्नाले मानिस सत्गुणी हुन्छन् र विस्तारै

---

[१] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ- ९४२

[२] वासुदेव त्रिपाठ र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- ११९३

[३] वसन्तकुमार शर्म्मा, (सम्पा), पूर्ववत्, पृ- १२५०

उनले अध्यात्म क्षेत्रतर्फ प्रविष्टि लिनसक्छन् ।[1]

पञ्चशील पालन गरेमा मानिसको चित्त ठिक र समाधि बुभ्न्नु सक्छ, किनकि समाधि र शीलमा गहिरो सम्बन्ध रहेको हुन्छ । 'समाधि' भन्नाले आफ्नो चित्तलाई शुद्ध राखेर कुनै विषयमाथि एकाग्रह भई ध्यान गर्नु बुझिन्छ । बुद्धले पनि बोधिसत्व प्राप्त गर्नभन्दा पहिला छ वर्षसम्म शुद्ध चित्तले समाधि गरेका थिए । पञ्चशीलको सम्बन्घ समाधिसित रहेको छ भने शील र समाधिको सम्बन्ध प्रज्ञासित । 'प्रज्ञा' भन्नाले ज्ञान बुझिन्छ । अतः शील र समाधिको माध्यमबाट मानिसले ज्ञान प्राप्त गर्दछन् ।[2]

अनित्यवाद, अनात्मवाद, अनिश्वरवाद र शून्यवाद बौद्ध दर्शनका महत्त्वपूर्ण पक्षहरु हुन्। यस संसारमा भएका कुनै पनि कुरा स्थायी छैन भन्नु नै 'अनित्यवाद' हो । संसारमा भएका सबै कुराहरु परिवर्तनशील छन् भन्ने कुरामा बौद्ध दर्शनले जोड दिन्छ । आत्मा हुन्छ भन्ने कुरामा यस दर्शनले विश्वास गर्दैन । जब मानिस जन्मन्छ, उसको मृत्यु निश्चित हुँदछ । मानिसको शरीर नाशवान् छ र आत्मा नामको कुनै वस्तु हुँदैन, आत्मा भन्नु त केवल संचेतना मात्र हो भन्ने बौद्ध दर्शनको विश्वास छ ।[3] बौद्ध दर्शन मात्र एउटा यस्तो दर्शन हो जसले मानिसलाई ईश्वरभन्दा ठुलो स्थान दिएको छ । मानिसभन्दा सर्वश्रेष्ठ प्राणी यस संसारमा कोही पनि छैन । प्रत्येक मानिसमा बुद्ध हुनसक्ने गुण रहेको हुन्छ, मानिसले शीलहरुको विकास गरेर मात्र बोधिसत्व प्राप्त गर्न सक्छन् भन्ने मान्यता यस दर्शनमा रहेको पाइन्छ । अतः बौद्ध दर्शनलाई

---

[१] भीम योन्जन, पूर्ववत्, पृ- १७

[२] उही, पृ- १७

[३] उही, पृ- १९

वर्तमान समयमा पनि संसारभरि एक अनुकरणीय अध्यात्म दर्शनका रुपमा मानिसहरुले स्वीकार्दै आएको छ । संसारमा भएका सबै थोक आफै सृजना भएको होइन्, सबै कुराहरु अनादि कालदेखि नै यस संसारमा थिए भनी यस दर्शनले शून्यवादलाई जोड दिन्छ । संसारका सबै थोक शून्य छन्, महापरिनिर्वाण आदि शून्य हो भनी बौद्ध दर्शनले विश्वास गर्छ ।

### २.५.५ प्रतीत्यसमुत्पाद

*नेपाली बृहत शब्दकोश*मा 'प्रतित्यसमुत्पाद'-को निम्न अर्थ दिएको पाइन्छ–

"अ) प्राणी प्रत्येक क्षण मर्छ र प्रत्येक क्षण जन्मन्छ भन्ने बौद्ध दर्शनको एक सिद्धान्त ।"[१]

*नेपाली शब्दसागर*अनुसार

"अ) प्रत्येक प्राणी प्रतिक्षण मर्छ र प्रतिक्षण जन्मन्छ भन्ने बौद्धदर्शनको एक सिद्धान्त ।"[२]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'पञ्चशील'-को यस अर्थलाई आधार लिइएको छ ।

'प्रतीत्यसमुत्पाद' बौद्ध दर्शनको एउटा मुख्य पक्ष हो । 'प्रतीत्यसमुत्पाद' भन्नाले यस संसारमा घरिघरि जन्म लिनु अर्थात् उत्पन्न हुनु भन्ने बुझिन्छ । संसारमा भएका सबै कार्यको पछि एउटा कारण हुन्छ, मानिसले जस्तो कार्य गर्छ उस्तै परिणाम भोग्नु पर्छ भन्ने कुरा प्रतीत्यसमुत्पादले जनाँउछ । अष्टांगिक मार्गले प्रतीत्यसमुत्पादलाई पुष्टि गर्नमा मदत गर्दछ ।

---

[१] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- ८२२

[२] वसन्तकुमार शर्म्मा, (सम्पा), पूर्ववत्, पृ- ८८३

वस्तुतः मानिसले रीस-राग, घमण्ड, द्वेष-आह्विस, अल्छी-निद्रा जस्ता अवगुणहरु त्यागेर सबैसित मैत्री भावना राख्नु, दीन-दुःखीहरुलाई करुणा गर्नु, सांसारिक कुराहरुमा नफँसेर शुद्ध चित्तले प्रसन्न भएर बोधिज्ञान प्राप्त गर्नु नै बौद्ध दर्शनको मूल मन्त्र हो ।

'प्रतीत्य' शब्दको साधरणतः तिनवटा अर्थ लगाउन सकिन्छ - निर्भर रहनु, मिल्नु र सापेक्ष हुनु । अनि 'समुत्पाद' शब्दको अर्थ हो उद्‌भव हुनु ।[१] अतः 'प्रतीत्यसमुत्पाद' भन्नाले कुनै पनि वस्तु आफै सृजना भएको छैन, एक अर्कामाथि निर्भर भएर मात्र संसारका सबै थोकहरुको निर्माण वा उत्पति भएको छ भन्ने बुझिन्छ । यसरी एक अर्कामाथि सापेक्षित भएर उद्‌भव भएका वस्तु अनित्य छ र परिवर्तनशील छ । संसारमा भएका वस्तुहरुको अस्तित्व भए जस्तो लागे पनि 'प्रतीत्यसमुत्पाद'-लाई आधार मानेर हेर्दा ती वस्तुहरुको वास्तविक अस्तित्व नभएको बुझिन्छ । बौद्ध दर्शनअन्तर्गत प्रतीत्यसमुत्पादको बाह्रवटा अङ्गहरुको चर्चा पाइन्छ । ती हुन् - १) संस्कार, २) अज्ञान, ३) छ इन्द्रिय, ४) स्पर्श, ५) वेदना, ६) उपादन, ७) तृष्णा, ८) नामरुप, ९) विज्ञान, १०) भव, ११) जाति, र १२) जरामरण ।[२] 'प्रतीत्यसमुत्पाद'-लाई 'हेतुफल' नामले पनि जानिन्छ । 'हेतु' भन्नाले कारण र 'फल' भन्नाले परिणाम भन्ने बुझिन्छ । यसरी हेर्दा प्रतीत्यसमुत्पादको सम्बन्ध कारणसित रहेको हुन्छ ।[३] यस संसारको प्रत्येक कार्यकोपछि एउटा न एउटा कारण हुन्छ नै, कुनै कारणरहित कुनै कार्य नहुने वैज्ञानिक कुरामा बौद्ध धर्मावलम्बीहरु

---

[१] निमा छिरिङ शेर्पा, सन् २००८, *करुणाशील हृदय,* दार्जीलिङ : धर्मचक्र कमिटि, पृ- ३०

[२] भीम योन्जन, पूर्ववत्, पृ- २१

[३] उही, पृ- २०

विश्वास गर्छन् । यसरी नै मानिसले दुःख पाउनको पछाडि एउटा न एउटा कारण अवश्य नै अन्तर्निहित रहेको हुन्छ । तर त्यस्ता दुःखलाई हटाउँने उपायहरु पनि छन्, जसलाई 'आर्य अष्टांगिक मार्ग' पनि भनिन्छ । दुःख छ, कुनै कारणविना दुःख उत्पन्न हुँदैन दुःखबाट मानिसहरु बाँच्न सक्छ, दुःखलाई मानिसहरुले रोक्ने उपायहरु छन् भन्ने चार आर्य सत्य नै प्रतीत्यसमुत्पादलाई बुझ्न सकिने मार्गहरु हुन् । घरि-घरि यस संसारमा जन्म लिएर दुःख भोग्नबाट बाँच्नका निम्ति मानिसले प्रतीत्यसमुत्पाद बुझ्न नितान्त आवश्यक छ भन्ने बौद्ध धर्मावलम्बीको विश्वास छ ।

### २.५.६ कर्मवाद

'कर्मवाद' संस्कृत भाषाको तत्सम शब्द हो । कर्म + वाद = कर्मवाद ।[१] *प्रयोगात्मक नेपाली शब्दकोश*मा 'कर्मवाद'-को परिभाषा निम्न प्रकारले दिइएको छ –

"अ) कर्ममा विश्वास गर्ने सिद्धान्त ।

आ) कर्ममा निष्ठा रहने विचार ।"[२]

*नेपाली शब्दसागर*अनुसार

"अ) शुभ वा अशुभ कर्मको फल अवश्य भोग्नुपर्छ भन्ने दार्शनिक सिद्धान्त, यही सिद्धान्त प्रतिपादन गर्ने शास्त्र, मीमांसा-दर्शन कर्ममा विश्वास गर्ने वाद ।"[३]

---

[१] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् पृ- १५८

[२] उही, पृ- १५८

[३] वसन्तकुमार शर्म्मा, पूर्ववत्, पृ- २३५

*नेपाली बृहत् शब्दकोश*अनुसार

"अ) दर्शनशास्त्र अनुसार शुभ वा अशुभ कर्मको फल अवश्य भोग्नुपर्छ भन्ने सिद्धान्त, कर्ममा विश्वास गर्नेवाद ।"[1]

माथि उल्लिखित विभिन्न शब्दकोशबाट लिइएका अर्थमध्ये प्रस्तुत शोधमा 'कर्मवाद'-को यस अर्थलाई आधार लिइएको छ ।

'कर्म' भन्नाले साधरणतः काम भन्ने बुझिन्छ । कुनै कारणबिना कुनै कार्य हुँदैन । प्रत्येक क्रियाको प्रतिक्रिया हुने नियम छ । त्यसैले सत्कर्म गर्नाले सत्परिणाम हुन्छ भने असत्कर्म गर्नाले असत् परिणाम हुन्छ । मानिसले पूर्वजन्ममा जस्तो कर्म गरेका हुन्छन् वर्तमान समयमा त्यसको परिणाम भोगिरहेका हुन्छन् अनि वर्तमानमा जस्तो कर्म गरिरहेका छन् भविष्यमा त्यसै अनुरुप कर्म भोग्नुपर्छ भन्ने कुरामा बौद्ध दर्शन विश्वास गर्छ । बौद्ध दर्शनअनुसार कुनै पनि कुरा गर्नभन्दा पहिले मानिसको चित्तमा कुनै कुरा निर्भर हुन्छ अनि उसले जस्तो सोच्छ त्यसैअनुरुप कर्म गर्छ । कम आवश्यकता, कम चाहना, धैर्य, नम्रता, सन्तोष, करुणा जस्ता कुराहरु हृदयमा राख्ने मानिसहरु वास्तविक रुपमा सुखी अनि आनन्दित हुन्छन् । लोभ, हिंसा, व्यभिचार मनोवृत्ति भएका मानिसहरु दुःखी र निराशा हुन्छन् भन्ने बौद्धदर्शनको मान्यतालाई केही वैज्ञानिक मान्न सकिन्छ । बौद्ध दर्शनको कर्मवादको दृष्टिले आनन्दलाई दुई भागमा विभाजन गरेको छ – तात्कालिक आनन्द वा अस्थायी आनन्द । जस्तै आराम, भोक विलासले मानिसलाई वस्तुको प्राप्ति हुँदा खुसी दिन्छ । तर आफूले चाहेको वस्तुको अप्राप्तिमा ऊ दुःखी हुन्छ । हरेक मानिसले सुख, दुःख, आनन्द, निराश जस्ता

---

[1] वासुदेव त्रिपाठी र बल्लभमणि दाहाल, पूर्ववत्, पृ- १९७

अनुभवहरु उसैले सञ्चय गरेको राम्रो कर्म नराम्रो कर्मको प्रतिफल हो भन्ने कुरामा बौद्धमार्गीहरुको विश्वास छ । जबसम्म मानिसहरु आडम्बर, जलन, क्रोध, ईर्ष्या जस्ता क्लेशहरु आफ्नो मनमा राखेर बस्छ तबसम्म उसले वास्तविक गहन आनन्द वा शान्ति पाउदैन ।[१]

अज्ञानताले मानिसलाई भूल कर्म गर्नमा प्रेरित गर्छ र निर्वाण प्राप्त गर्नमा बाधा पुराउँछ अनि भवचक्रमा सदैव अल्झाइरहन्छ भने सबै प्राणीहरुलाई भेदभाव नगरी करुणाशील हृदयले गरेको ज्ञानपूर्ण कर्मले नै मानिसलाई गहन आनन्द दिन्छ । कर्म कसैको भाग्यको अधीनमा नरहेर पूर्वनिश्चत भएको हुँदा कुनै कर्म गर्नुभन्दा अघि किन र कसरी गर्नु पर्ने भन्ने बारेमा मानिसहरुले सोचे त्यस कर्मले मानिसलाई आनन्द प्रदान गर्छ ।

[१] निमा छिरिङ शेर्पा, पूर्ववत्, पृ- २४

# तेस्रो अध्याय

## ३.१ कथाकार सानु लामाको परिचय

कथाकार सानु लामाको जन्म सिक्किमको राजधानी गान्तोकमा (सन् १९३९) जुन १५ तारिखको दिन भएको हो । गरुडसिंह लामा नामले परिचित यिनको साहित्यिक नाम सानु लामा हो । पिता चन्द्रमान लामा र माता फूलमाया लामाको उनी काइँलो छोरा हुन् ।

सानु लामाले (सन् १९५६) सालमा गान्तोकको सर टासी नामग्याल हाइ स्कूलबाट प्रवेशिका उत्तीर्ण गरे पश्चात् (सन् १९५९) सालमा बर्द्धमानको इन्स्टीच्यूट अव् इञ्जिनियरिङ एन्ड टेक्नोलजिबाट सिबिल इन्जिरिङको अध्ययन समाप्त गरे । (सन् १९५९) सालमा सिक्किमको सहायक अभियन्ताको रुपमा नियुक्ति भएका लामा (सन् १९९७)-मा मुख्य अभियन्ता भएर सरकारी सेवाबाट निवृत्त भए । नेपाल, थाइल्यान्ड, हङकङ, इङग्ल्यान्ड, कोलम्बिया, अमेरिका, स्वीडेन जस्ता देशहरुमा भ्रमण गरिसकेका लामाको बाल्यकाल भने दुःख कष्टमा बितेको थियो ।

(सन् १९९७) सालमा लामाले मल्ली निर्वाचन क्षेत्रबाट सिक्किम संग्राम परिषद्को टिकटमा आम चुनाउ लडे । तर अभाग्यवश उनी चुनाउमा सफल भएनन् । सिर्जनात्मक कार्य अतिरिक्त यिनी सिक्किम अकादमी, नेपाली साहित्य परिषद् सिक्किम, साहित्य अकादमी नयाँ दिल्ली, सिक्किम बुद्धिष्ट संस्था, सिक्किम साहित्यकार सम्पर्क समिति, सङ्गीत कलाकेन्द्र गान्तोक जस्ता विविध साहित्यिक, सामाजिक संघ संस्थामा यिनी एकजना सक्रिय सदस्यका रुपमा काम गर्दै आएको देखिन्छ ।

कथा, निबन्ध, गीत, अनुवाद गरेर सानु लामाका अहिलेसम्ममा प्रकाशित कृतिहरु निम्न प्रकारले छ–

१. *कथा सम्पद्* (सन् १९७४) कथासङ्ग्रह

२. *गोजिका* (सन् १९८१) सानु लामाका लघु कथाहरु

३. *मृगतृष्णा* (सन् १९९०) कथासङ्ग्रह

४. *सूर्यको तेस्रो किरण* (सन् २००८) कथासङग्रह

५. *हिमालचुली मन्तिर* (सन् १९९८) उपन्यास

६. *जहाँ बग्छ टिस्टा रंगित* (सन् २०००) गीति कवितासङ्ग्रह

७. *भगवान बुद्ध जीवन र दर्शन* (सन् १९९३) अनुवाद

८. *गुरु पद्म सम्भव साधना* भाग १ र २ (सन् १९९३) अनुवाद

९. *आँगन परतिर* (सन् २००१) संस्मरण ।

पुरस्कार एवं सम्मान

१. भानु पुरस्कार (सन् १९९३) सिक्किम

२. साहित्य अकादमी पुरस्कार (सन् १९९३) नयाँ दिल्ली

३. मदन व्याख्यानमाला पुरस्कार (सन् २०००) वाराणसी

४. डा शोभाकान्ति थेगिम स्मृति पुरस्कार (सन् २००१) सिक्किम

५. संजय प्रधान स्मृति स्वर्ण पदक (सन् २००३) गुवाहटी

६ पद्मश्री पुरस्कार (सन् २००५) भारत सरकार ।

## ३.२ सानु लामाका कथाहरुको प्रवृत्तिगत विशेषताहरु

(सन् १९६३) सालमा दार्जिलिङबाट प्रकाशित हुने समसामयिक पत्रिका *दियालो*मा 'स्वास्नीमान्छे' शीर्षक कथा प्रकाशित गरी सानु लामाले नेपाली कथा क्षेत्रमा प्रवेश गरेका हुन् । नेपालीका अध्यापक श्री रश्मि प्रसाद आलेले सानु लामा आठौँ कक्षामा अध्ययन गर्दा लेख्न लगाएका 'खुकुरीको आत्मकथा' शीर्षक निबन्धलाई कथाकार लामाको पहिलो साहित्यिक लेख मान्न सकिन्छ । यस दृष्टिले साहित्यलेखन यात्रामा रश्मिप्रसाद आलेलाई यिनी आफ्ना प्रेरणा स्रोत मान्छन् । कथाकार सानु लामाका कथामा विभिन्न प्रवृत्तिगत विशेषताहरु निहित रहेको पाइन्छ । ती हुन्-सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, ऐतिहासिक यथार्थवादी, आञ्चलिकता, व्यङ्ग्यात्मकता, एवं बौद्ध दर्शनको प्रभाव ।

### ३.२.१ सामाजिक यथार्थवादी

समाजमा घटेका विविध घटनाहरुलाई लेखकले इमानदारीपूर्वक निम्न र निम्नमध्यम चरित्र अनि विषयवस्तुलाई यथार्थ रुपमा प्रस्तुत गरिएको कथालाई सामाजिक यथार्थवादी कथा भनिन्छ । बोलचालकै भाषामा जनजीवनको दुःख-सुख, रहन-सहन, पीर-मर्का, हाँसो-रोदन आदिलाई विश्वासनीयताको साथ निर्वाह गरिएका कथालाई नै वास्तवमा सामाजिक यथार्थवादी कथा मानिन्छ ।

सानु लामाका पहिलो कथासङ्कलन *कथा सम्पद्* (सन् १९७४)-मा समावेश भएका 'स्वास्नीमान्छे', 'पहाडी फूल काँडाकै माझ', 'अनुकम्पा', 'गौरी', 'इयरिंङ', 'फूर्बाले गाउँ छोडयो', 'कमला', 'बलराम थापाको कथा', 'असिनाको मान्छे', 'खानीटारमा एक दिन', 'तृषित मरुद्यान', र 'सम्पति' गरेर मोठ १२ वटा कथाहरुलाई नै सामाजिक यथार्थवादी कथाका राम्रो उदाहरण मान्न सकिन्छ ।

ठुलोकान्छा र ठुलीकान्छी प्रमुख नायक नायिका रहेको 'स्वास्नीमान्छे' कथा पश्चिम सिक्किमका सिङताम बजारमा अवस्थित कच्चा लाइनको सामाजिक परिवेशलाई लिएर लेखिएको हो । सफा, पवित्र, फरसाइली मन भएकी, सबैसित हाँसखेल गर्ने तथा आफ्नो लोग्नेलाई देवतातुल्य ठान्ने ठुलीकान्छीले, परस्त्रीसित जबरजस्ती हातपात गर्न खोज्ने मिङमा जस्ता दुष्ट चरित्र भएको पात्रलाई चिरेको दाउराको फब्ल्याटोले प्रहार गरेर आफ्नो स्वाभिमानको सुरक्षा गरेकी छन् । प्रस्तुत कथा सिङताम बजारको कच्चालाईनको पृष्ठभूमिमा लेखिएको एउटा सफल सामाजिक कथा हो । जसलाई कथाकारले यथार्थ ढङ्गमा चित्रण गरेका छन् ।

'कमला' अर्को सामाजिक यथार्थवादी कथा हो । यस कथामा ठिकादारी प्रथा हुँदा सिक्किमका सर्वहारावर्गले भोग्नु परेका पीर-मर्का, रायसाहब जस्ता ठिकादारहरुले गरिबका छोरी चेलीहरुमाथि षडयन्त्र पूर्ण गरिने यौन शोषण, आर्थिक शोषण, डेरा र जमिन लिलाम जस्ता विषयलाई समेटेर लेखिएको छ ।

रम्मीको (क्यारम) गोटीलाई मानव जीवनसित तुलना गरिएको 'रम्मीमा सिक्वेन्स-एउटा अनुक्रम' कथाका मूल नायक नायिका धीरज र लक्ष्मी हुन् । धेरै लामो समयसम्म विरामी भएर निधन भएकी धीरजको स्वास्नी लक्ष्मीको दाह संस्कार विधिपूर्वक गरिएर अन्त्येष्टिसम्म मरौ घरमा रुङ्न आउने छिमेकी साथीहरुले रम्मी खेलेर, रामायण पढेर धीरजलाई सहानुभूति दर्शाएको पाइन्छ । अतः प्रस्तुत कथामा सामाजिक यथार्थपूर्ण कुराहरु अन्तर्निहित रहेका छन् । यसैले सामाजिक यथार्थवादी कथा लेखनलाई लामाको एउटा प्रमुख कथाकारिता मान्न सकिन्छ।

### ३.२.२ मनोवैज्ञानिक यथार्थवादी

मानिसका अचेतन मनमा दमित भएर बसेका विविध क्रिया-कलापलाई ध्यानमा राखेर प्रस्तुत गरिएका कथालाई मनोवैज्ञानिक यथार्थवादी कथा भनिन्छ । यसलाई यथार्थवादकै एउटा भेद मानिन्छ । सिग्मन्ड फ्रायड यस वादका प्रवर्तक हुन् ।

फ्रायडद्वारा सुरु गरिएको मनोविश्लेषणात्मक सिद्धान्तलाई अनुसरण गरी यिनले 'टी शर्ट' कथा लेखेका छन् । प्रस्तुत कथालाई यौनवैज्ञानिक विशेषताले युक्त एउटा सफल कथा मान्न सकिन्छ । प्रस्तुत कथाको मूल पात्र वीरे आफ्नो शरीरमा भएको रगत पोजेटिप हुनाले शारीरिक रुपले कमजोर छ । तर ऊभित्र मसलदार पुष्ट यौनइच्छा अक्षुण्ण रहेको देखिन्छ । मुक्काबाजको चित्र अङ्कित भएको र च्याम्पियन लेखिएको आफ्नो टी शर्टलाई उसले सपनामा, छातीमा ठुलो हिमालको नक्सा, त्यस हिमालबाट उडदै एकजना सानु बालक तलतिर झर्दै गरेको अनि आई लभ फ्लाइग लेखिएको लभको ठाउँमा रातो रङ्गको ठुलो मुटुको चित्र देख्न पुग्छ । यस दृष्टिले यस कथालाई एउटा मनोविश्लेषणात्मक प्रवृत्तिमा आधारित कथा मान्न सकिन्छ ।

'असिनाको मान्छे' शीर्षकका कथा लामाद्वारा लेखिएको एउटा सफल बालमनोवैज्ञानिक कथा हो । पाँच वर्षको विनय अनि तिन वर्ष पुगेकी उसैकी बहिनी विन्द्रा बाल पात्र भएका प्रस्तुत कथामा बाल बालिकामा हुने कौतुहल प्रवृत्ति ध्वनित भएको छ । राम्रो कुरालाई चान हानेर बिगार्नु हुँदैन, बिजुलीको बल्ब काम लाग्ने कुरा हो बरु असिना जसले अन्नबाली नष्ट गरिदिन्छ त्यस्ता कुरालाई बिगार्नु भन्ने सन्देश प्रस्तुत कथामा म पात्रद्वारा विन्द्रा र विनयलाई असिनाको मान्छे बनाएर चान हान्न लगाएको कुराबाट स्पष्ट बुझ्न सकिन्छ । यस कथामा यिनी बालमनोवैज्ञानिक कथा लेख्न सक्ने शीप भएका कथाकारका रुपमा पनि देखिन्छ ।

मन्दा र दीपू बाल पात्र भएका 'ज्योतिबिनाको उज्यालो' कथा बालमनोविज्ञानमा आधारित छ । यिनले दृष्टिहीन पात्र मन्दा र दीपूको मनोवैज्ञानिक अध्ययन प्रस्तुत कथामा सम्यक् रुपमा गरेका छन् । आँखाको ज्योति नै संसारको ज्योति हो, यद्यपि दृष्टिहीन पात्र मन्दामाथि दीपूले गुडिया पत्तो लगाउने खेलमा पट्टी बाँधिएको घटनाले पाठकको आँखामा आँसु आउँछ ।

'टी शर्ट', 'असिनाको मान्छे', 'ज्योतिबिनाको उज्यालो' जस्ता मनोवैज्ञानिक कथाका आधारमा लामालाई एकजना सफल मनोवैज्ञानिक कथाकार  मान्न सकिन्छ ।

### ३.२.३ ऐतिहासिक यथार्थवादी

समाजमा घटेका पुराना घटनालाई तथ्यका रुपमा लिएर चित्रण वर्णन गरिएका कथालाई ऐतिहासिक यथार्थवादी कथा मान्न सकिन्छ । यस किसिमको कथाले समाजका ऐतिहासिक कुराहरु बुझ्नमा मदत् पुऱ्याउँदछ ।

सानु लामा ऐतिहासिक घटनालाई पनि आफ्नो कथाको विषयवस्तु बनाएर राम्रो कथा सिर्जना गर्न सक्ने कथाकार हुन् । यिनले 'बिहान हुन नसकेको रात', 'घाम-छाँया (१)', र 'घाम-छाँया (२)' कथाहरु ऐतिहासिक घटनामा केन्द्रित रहेर लेखेका छन् ।

'बिहान हुन नसकेको रात' कथा ऐतिहासिक घटनामा आधारित छ । तिब्बत ल्हासाबाट शरणार्थी भएर गान्तोकमा कष्टकर जीवन बिताइरहेको वृद्ध बाबु अनि उसैको चौध-पन्ध्र वर्ष पुगेकी छोरीको मर्म नै प्रस्तुत कथाको मूल स्वर हो । यस्तै प्रकारले पहिलेका गान्तोक र अहिलेका गान्तोकमा ठुलो पार्थक्य रहेको छ भन्ने कुरालाई दृष्टान्तगत रुपमा देखाउन कथाकार लामा 'केही आफ्नो केही अरुको' कथामा सफल भएका छन् । प्रस्तुत कथामा चित्रण गरिएका

व्हाईट हलले ऐतिहासिक तथ्य बोकेको छ । नामग्यालवंशी राजत्वकालको सन्दर्भले पुरानो गान्तोकको प्रसङ्गलाई यस कथामा जीवन्त पारेको छ ।

'घाम-छाँया (१)', 'घाम-छाँया (२)' दिल्ली सहरमाथि लेखिएको कथा हो । इण्डिया गेट, अशोक रोड, मेरिडियल होटल, सफ्दरजंग फ्लाई ओवर जस्ता ठाउँहरुले दिल्ली सहरको ऐतिहासिक यथार्थलाई समेटेको पाइन्छ ।

**३.२.४ आञ्चलिकता**

अञ्चल विशेषमा केन्द्रित रहेर स्थानिक वेश-भूषा, बोली-चाली, परिवेशमा समग्र जनजीवनको यथार्थपूर्ण चित्रण, वर्णन गरिएका कृतिलाई आञ्चलिक कृति मानिन्छ । कुनै पनि आञ्चलिक कृतिबाट त्यहाँको सामाजिक अवस्था, आर्थिक अवस्था र राजनैतिक अवस्थाबारे धेर-थोर भए तापनि जानकारी पाउन सकिन्छ ।

आञ्चलिकता सानु लामाका कथागत विशेषताहरु मध्ये एउटा हो । यिनका कथामा सिक्किमका विभिन्न भौगोलिक अञ्चलहरुका छबि स्पष्ट मुखरित भएको पाइन्छ ।

यिनको पहिलो प्रकाशित कथा 'स्वास्नीमान्छे' नै आञ्चलिक विशेषताले युक्त छ । ठुलोकान्छा र ठुलीकान्छी नायक नायिका भएका प्रस्तुत कथामा सिङताम बजारको कच्चा लाइन, सिङताममा प्रत्येक शुक्रबार लाग्ने हाट, टिस्टा नदी, र माघे मेलाको स्थानिक चित्रण वर्णन बढो रोचक रहेको पाइन्छ ।

दक्षिण सिक्किमको तिमीतार्कु गाउँमा खनिरहेको नयाँ बाटोको प्रसङ्गमा दिलमाया पात्राको रहस्यमय मृत्यु नै 'पहाडी फूल काँडाकै माझ' शीर्षक कथाको मर्म हो । मजदूरवर्गको दयनीय जीवन भोगाइलाई विषयवस्तु बनाइएको यो कथा मूलतः तिमीतार्कु गाउँले परिवेशमा लेखिएको छ । यस कथाले पनि यिनलाई आञ्चलिक कथाकारका रुपमा स्थापित गरेको छ ।

‘इयर्रिङ’ कथामा वर्णित बुमटार, मानेडाँडा, नाम्चीको कोप्चे जस्ता दक्षिण सिक्किमका ऐतिहासिक गाउँहरुले पनि लामालाई आञ्चलिक कथाकारका रुपमा  परिचित गराएको पाइन्छ ।

*मृगतृष्णा* कथासङ्ग्रहमा समाविष्ट रहेको ‘पैयुँ फुलेको दिन’ पनि एउटा आञ्चालिक कथा हो । प्रस्तुत कथामा आसाङ्गथाङ्गको रमणीय वर्णन पाइन्छ । प्रस्तुत कथाको मूल नायक नायिका गोपाल र संध्याको जीवनमा पैयुँ फूल फुले झैं खुसी र उमङ्ग फुलेको पाइन्छ । यहाँ भाग्यमा जे लेखिएको हुन्छ, आखिरमा त्यही भएर जान्छ, मान्छेले आफूले चाहेको सबै इच्छाहरु पुरा नहुन पनि सक्छ भन्ने यथार्थ चित्रण पाइन्छ । दसौं कक्षाको परीक्षा सिद्धिएपछि खाता कितापहरु थन्काएर खेतीपाती गर्न बाध्य भएको गोपालले आफु पल्टने बन्ने इच्छा हुँदाहुँदै पनि खेतीपाती, गाईको दूध बेचेर घर संसार चलाउन बाध्य हुन्छन् । अतः प्रस्तुत कथाको विषयवस्तु नै आञ्चलिकता रहेको पाइन्छ । सम्पूर्ण कथाहरुको अध्ययन गरेर हेर्दा, लामा नेपाली साहित्यका एकजना सफल आञ्चलिक कथाकारका रुपमा चिनिन्छन् ।

### **३.२.५ व्यङ्ग्यात्मकता**

सामाजमा देखिएका विकृति, कुरीति जस्ता कुसंस्कारहरुलाई लामा घुमौरो किसिमले कथामा  प्रस्तुत गर्छन् जहाँ व्यङ्ग्यात्मक स्वर रहेको पाइन्छ ।

यिनको ‘साइनो’ कथाले आफूले साइनो नजान्दा कसरी गाल परिन्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । साइनो थाहा नहुँदा आफ्नो मामाले भानिजलाई मामा अनि भानिजले मामालाई भानिज भनिएको प्रसङ्ग्रमा व्यङ्ग्यात्मकता रहेको देखिन्छ । ‘सात भाइकी चेली’ कथाले अधुनातन समाजमा पनि जातपात, छुवाछुत जस्ता सामाजिक रुढि कुसंस्कारलाई अनुसरण गर्ने मानिसहरुप्रति कटाक्ष गरेको छ । यस कथाले जातपातमा भेदभाव राख्ने संकुचित विचारप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

### ३.२.९ बौद्ध दर्शन

*सूर्यको तेस्रो किरण* कथासङ्ग्रहमा समावेश रहेका 'रेशी बगिरहेछ', र 'म भगुवान भएँ' कथाहरुमा  बौद्ध दर्शनको प्रयोग पाइन्छ । नौवटा दृश्यहरुमा खण्डित रहेको र बौद्ध दर्शन बोकेको 'रेशी बगिरहेछ' शीर्षकका कथामा रेशीलाई मूलतः यौन, समय र आत्माका तिनवटा प्रतीकका रुपमा हेर्न सकिन्छ । प्रस्तुत कथाको नायिका राधिकाले आफ्नो प्रेमीले बौद्ध भिक्षु भएर भगवान बुद्धको उपदेश प्रचार गर्ने क्रममा यस संसारलाई त्यागे पनि उसैलाई नै आत्मिक रुपमा आजीवन माया गरिरहन्छे । यस्तै प्रकारले झलक्क बौद्ध दर्शन देखिएको 'म भगुवान भएँ' कथाले मानिसलाई विविध प्रकारका खाँचोहरुले सधैं नै सताइरहन्छ, सबै खाँचोहरु परिपूर्ण नहुन सक्छ । बरु मानिस आत्मिक रुपमा सन्तुष्ट रहनु नै परिपूर्ति हुन नसकेका खाँचोहरुको परिपूर्ति हुनु सरह हो भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ । अन्ततः प्रस्तुत  कथाका पात्र अगमवीर ब्याङ्कमा रहेको ऋण तिर्नपर्ने खाँचो, सापटी पैसा चलाएको तिर्नपर्ने खाँचो, छोराको जुत्ता किनिदिनु पर्ने खाँचोहरु परिपूर्ति हुन नसक्दा म भगवान भएँ भन्दै आत्मसन्तुष्टी भएको देखिन्छ। सानु लामाका कथामा बौद्ध दर्शन पाइनु पनि एउटा मुख्य कथाकारिता हो ।

माथि उल्लिखित कथागत प्रवृत्तिहरुका अतिरिक्त नवीन परिपाटीमा कथा लेख्न सक्नु पनि यिनका एउटा मुख्य कथागत वैशिष्ट्य हो । 'सम्पति' कथा चाहिँ नवीन परिपाटिमा लेखिएको छ । प्रस्तुत कथालाई अकथाको एउटा दृष्टान्त मान्न सकिन्छ । अकथामा घटनाहरु शृङखलाबद्ध नभएर अघिपछि  छरपस्टिएर रहेको पाइन्छ । अतः मानिसका दैनिक जीवन पनि त्यसरी नै लथालिङ्गै स्थितिमा बितिरहेको हुन्छ । मानिसले जीवनमा सम्पूर्णता चाहन्छ तर सम्पूर्णता खोज्दा-खोज्दै त्यसैको खोजीमा उसको मृत्यु हुन्छ । 'मृगतृष्णा' कथा लामाद्वारा नवीन परीपाटीमा लेखिएको एउटा उत्कृष्ट कथा हो । प्रस्तुत कथामा बौद्ध दर्शनका केही लक्षणहरु

देखिन्छ । बेञ्चमा बसिरहेको व्यक्तिले कालो कुकुर छजना मलामीको अघाडि चारजनाले काँचो बाँसमा बोकेको मुर्दा, लट्टीको भरमा हिँडिरहेको दाँतहरु प्रायः झरिसकेको शिथिल शरीर भएको बुढो मान्छे जस्ता कुराहरु देखेपछि, अबको केही वर्षमा कपिलवस्तुका राजकुमार सिद्धार्थको यस धरतीमा पुनः आगमन हुने र संसारमा कल्याण हुने कुरामा विश्वास राखेको पाइन्छ । अतः नेपाली साहित्यका लघु कथा लेखनका क्षेत्रमा पनि यिनको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । (सन् १९७८)-देखि गान्तोकबाट *गोजिका* नामक साहित्यको सामयिक सङ्कलन प्रकाशन भएको देखिन्छ । (सन् १९८१) दिसम्बर वर्ष ३ अङ्क ५ *गोजिका* पत्रिकामा यिनका छवटा लघु कथाहरु, लघु कथाका विशेषाङ्क कै रुपमा प्रकाशित भएको पाइन्छ । ती हुन -'व्यग्रता', 'सन्तोष', 'पराजित', 'बाँधिएका क्षणहरु', 'सङ्घर्ष-१', 'सङ्घर्ष-२' । निम्न र निम्नमध्यम वर्गीय परिवारका जीवनमा घटिरहने यथार्थपूर्ण घटनाहरु नै प्रस्तुत लघु कथाका विषय रहेका छन् । प्रस्तुत लघु कथाहरुका अध्ययनद्वारा भन्न सकिन्छ कि कम शब्दमा धेरै कुरा भन्न सक्नु पनि लामाका प्रमुख कथागत वैशिष्ट्यहरुमध्ये एउटा हो ।

'अनुकम्पा', 'गौरी', र 'इयर्रिङ', शीर्षकका कथाहरुद्वारा यिनी नारीहरुप्रति करुण दृष्टि राख्ने कथाकार प्रतीत हुँदछन् । 'अनुकम्पा' कथाका मूल नायिका रत्नाको पेटमा आएको दुई महिनाको गर्वलिएर भएको रहस्यमय मृत्यु, 'गौरी' कथाकी मूल पात्रा गौरीले भोग्न परेका गरिबी जीवन तथा 'इयर्रिङ' कथाका मूल नायिका शाकुन्तलाको मृत्यु भएको १७ वर्षपछि उसैको इयर्रिङले सम्झाएको घटनाबाट लामा स्त्रीजातिलाई करुणाको मूर्ति मान्छन् । प्रस्तुत कथाका मूल नायक नायिका देव र शाकुन्तला पौराणिक कथाबाट लिएको पात्र-पात्रा हुन् । स्मृति चिन्हले अतीतको घटना आलो बनाइदिन्छ भन्ने तथ्य इयर्रिङ मार्फत् प्रस्तुत कथामा चित्रित छ । नारीमाथि सकारात्मक सोच राख्ने सानु लामाको एउटा उत्कृष्ट कथा हो 'सूर्यको

तेस्रो किरण' । 'स्वास्नीमान्छे' कथाकी ठुली र 'सूर्यको तेस्रो किरण' कथाकी सावित्रीलाई एकअर्काको पर्याय मान्न सकिन्छ, किनकि, 'स्वास्नीमान्छे' कथाकी नायिका ठुलीले जसरी आफूमाथि यौन शोषण गर्न आइलाग्ने परपुरुषलाई चिरेको दाउराको फब्ल्याटोले प्रहार गरेकी छे, उसरी नै 'सूर्यको तेस्रो किरण' कथाको नारी पात्रा सावित्रीले मोटे जस्ता दुष्ट पुरुषको हत्या गरेकी छे । मोटे जस्ता निच चरित्र भएको व्याभिचारी पुरुषको हत्या गर्न सक्ने हठ अनि सहास एक्काइसौँ शताब्दीकी साबित्रीमा निहित रहनु नै सूर्यको तेस्रो किरण हो भन्न सकिन्छ । वर्तमान समयमा पनि पुरुषहरुका भयावह यौनजनित आतङ्क खप्न परेको अबला नारीहरुप्रति यस कथाको साबित्रीले संवाहक बनेर ऊर्जा प्रदान गरेकी छे ।

साठीको दशकदेखि अहिलेसम्म नेपाली साहित्यको कथा विधामा निरन्तर रुपमा कलम चलाइरहने सानु लामा एकजना प्रतिष्ठित कथाकार हुन् । सामाजिक यथार्थवादी, आञ्चलिकता, बौद्ध दर्शनको प्रयोग, मनोवैज्ञानिकता यथार्थवादी कथा विशेषतालाई अँगालेर कथा लेख्ने लामाले अनुवाद, उपन्यास, संस्मरण तथा गीतको क्षेत्रमा पनि विशिष्ट योगदान दिएका छन् ।

# चौथो अध्याय

## ४.१.१ सानु लामाका कथामा बौद्ध दर्शनको प्रभाव

कथाकार सानु लामा स्वयम् बौद्ध धर्मावलम्बी भएको हुँदा उनका कथाहरुमा पनि बौद्ध दर्शनको प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव परेको पाइन्छ । उनका अहिले सम्ममा प्रकाशित भएका 'मृगतृष्णा', 'रेशी बगिरहेछ' जस्ता कथाहरुमा बौद्ध दर्शनको प्रत्यक्ष प्रभाव रहेको पाइन्छ भने 'पहाडी फूल काँडाकै माझ', 'बलराम थापाको कथा', 'म भगुवान भएँ', 'असिनाको मान्छे' जस्ता कथाहरुमा यस दर्शनको परोक्ष रुपमा प्रभाव परेको देखिन्छ । मूलतः उनका कथामा बौद्ध दर्शनको पञ्चशील, मैत्री र करुणा, शून्यवाद, कर्मवाद, प्रतीत्यसमुत्पाद र मध्यममार्ग जस्ता पक्षका प्रभाव रहेका छन् । यी नै पक्षको आधारमा उनका कथाहरुलाई निम्न प्रकारले अध्ययन गरिन्छ ।

## ४.१.२ सानु लामाका कथामा पञ्चशीलको प्रभाव

सानु लामाले आफ्ना कथाहरुमा विविध किसिमका चरित्र भएको पात्रहरुलाई स्थान दिएका छन् । यिनका कथाहरुमा उत्कृष्ट र निकृष्ट दुवै थरीका चरित्र भएका पात्रहरु भेटिन्छन्। प्रत्येक पात्रको हाउभाव, शीलस्वभाव पृथक्-पृथक् किसिमका छन् । यिनका कथाहरुको पहिलो सङ्गालो *कथा सम्पद्*मा समावेश कथा 'स्वास्नीमान्छे'-मा प्रयुक्त मिङमा खल पात्रको रुपमा चित्रित छ । प्रस्तुत कथाको मूल नायिका ठुलीकान्छीसित अनैतिक रुपमा यौन सम्बन्ध राख्न चाहने, व्यभिचारी मनोवृति भएको मिङमा दुष्ट पात्रको रुपमा समाजमा देखा परेको छ । रक्सीको मात लाग्योपछि परस्त्रीसित व्यभिचारी कर्म गर्न खोज्ने मिङमाको चरित्रमा बौद्ध

दर्शनको पञ्चशीलमध्ये व्यभिचार नगर्नु, मदपान नगर्नु भन्ने शीलको उल्लङघन भएको देखिन्छ। बौद्ध दर्शनको पञ्चशीललाई आधार मानेर हेर्दा मिङमा समाजको खल पात्रको रुपमा देखिन्छ ।

'अहिंसा' पञ्चशीलमध्ये एउटा शील हो । अन्य प्राणीको वध गर्नु मात्र हिंसा नभएर अन्यले वध गरेको प्राणी जस्तै माछा-मासु भोजनको रुपमा खानु पनि हिंसा हो भन्ने कुरामा बौद्ध दर्शन विश्वास राख्छ । 'पाहुना' कथामा आफ्ना घरमा आउन लागेका अतिथिको सत्कार गर्न, मिठो व्यञ्जनका रुपमा खुवाउन भनी छिरीङ भाइ नामक गौण पात्रलाई कथाको मुख्य पात्र स्वातिले कुखुरा बनाउने प्रसङगले हिंसा नगर्नु भन्ने बुद्धका प्रमुख शीलको आज्ञापालन नभएको पाइन्छ । प्रस्तुत कथाकी मूल नायिका स्वातिको संवादद्वारा यी कुरा थाहा पाइन्छ– "तलको छिरीङ भाइलाई कुखुरा बनाउनु बोलाएकी छु - कामबाट छिट्टै आएर गरिदिन्छु भनेको छ ।"[१] यस्तै प्रकारले अफिसबाट घर आइपुग्ने बित्तिकै प्रस्तुत कथाको मूल नायक गगनलाई उसकी स्वास्नी स्वाति भन्छे– "ए.....ठीकै भयो ।  लुगा फेरेर आऊ । चिया यतै दिन्छु । खाएर मासु काटिदेऊ ।"[२] छिरीङले बनाइदिइ राखेको कुखुराको मासु, चिया खाएपछि गगनले काट्न थाल्छ । यसै समय मसला पिस्दै गरेकी स्वातिले भन्छे–"छाला र बोसो जति सबै छुट्याइदेऊ । ठूल्ठूलो चोक्टा बनाइदेऊ । त्यसको पक्कु बनाउँछु । कुखुराको मासुमा छिप्छिप झोल बनाउँ । के मिसाऊँ कुखुराको मासुमा आलु कि सिमी ।"[३] यस्तै प्रकारले प्रस्तुत कथामा अतिथिको सत्कार गर्नाका निम्ति मदपानको प्रयोग गरिएको छ । जुन चाहिँ पञ्चशीलअन्तर्गत पर्ने मदपान नगर्नु भन्ने एक मुख्य शीलको विपरीत रहेको पाइन्छ ।

---

[१] सानु लामा, सन् १९९०, *मृगतृष्णा,* गान्तोक : सिक्किम, आर. के. इन्टरप्राइज, पृ- ७२

[२] उही, पृ- ७४

[३] उही, पृ- ७५

'पैयुँ फुलेको दिन कथामा बल्ल बल्ल छोरा गोपालले विहे गर्छु भनेर आफ्नो आमालाई सुनाउँदा, बुहारी देखाउनु ल्याउँने प्रसङगमा आमा हर्षित भएर भन्छिन्– “ले-ले चिना-जाना गर्नुपर्छ । ठाड ठाडै नभन्नू । राम्ररी सम्झाउनु । मैले बोलाएको छ भन्नू- तैले नै भनेको भन्दा त के आउँथी होली ।......त घर यस्तो... अलिक सफा गर्नपर्छ । भात यही खानु भन्नु, एउटा कुखुरा बनाउनू..... खोइ त्यो सानो भाले खोज्-खोज् तल्तिर झऱ्यो होला......।”[१] प्रस्तुत कथामा पनि अतिथि सत्कारको निम्ति भोजनमा कुखुराको मासुको प्रसङ्ग रहेको पाइन्छ । अतः यस कथाको पात्रहरुले पनि पञ्चशीलको पालन नगरेको पाइन्छ ।

यस्तै प्रकारले 'सूर्यको तेस्रो किरण' कथाकी मूल पात्र सावित्रीले आफुमाथि अनैतिक रुपमा यौन सम्बद्ध राख्न खोज्ने व्यभिचारी स्वभाव भएको खल पात्र मोटेको निर्मम हत्या गरेकी छन् । पञ्चशीललाई आधार मानेर हेर्दा सावित्री पात्राले हिंसा नगर्नु भन्ने प्रमुख शीलको आज्ञापालन गरेको पाइन्न । तसर्थ भन्न सकिन्छ कि लामाका कथाको सबै पात्र-पात्राले बौद्ध दर्शनको पञ्चशील पालन नगरेको पाइन्छ । तर 'रेशी बगिरहेछ' शीर्षक कथाको मूल नायक धनबहादुर उर्फ धन्दाईले भने बौद्ध भिक्षु भएर बुद्धले भनेका पञ्चशील रुपी अनुशासन पालन गर्न सक्षम भएको छ । प्रस्ततु कथाको मूल नायिकालाई धन्दाई पात्रले भनेको– “यो झमेला होइन, धेरै कुराको समाधान खोज्न म निस्केको । यी चारैतिरका समस्याहरुलाई हेर । देखेनौ यो दूषित परिवेश ? हेर जतातती देख्नेछौ मान्छेको दोषपूर्ण विचार । कोही रोगग्रस्त छन्, केही निराश्रय छन् अनि दीन, दुःखीको सेवा गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु । सेवा भनेको परार्थ हुनपर्छ यही ठुलो धर्म हो । राधिका, यी सब गर्ने मैले  सुनौलो अवसर पाएको छु । मलाई

[१] सानु लामा, सन् १९९०, पूर्ववत्, पृ- ७४

नरोक, म सेवक बन्न चाहन्छु ।"[1] यी संवादबाट उ, साँचो बौद्ध भिक्षु भएको कुरा थाहा पाउन सकिन्छ । सानु लामाका 'रेशी बगिरहेछ' कथाको मूल पात्र धन्दाईइतर अन्य सबै कथाको पात्रहरुले बौद्ध दर्शनको पञ्चशीलको अनुशासन पालन गरेको पाइन्न । तसर्थ भन्न सकिन्छ कि, यिनका कथामा प्रयुक्त पात्रहरु पञ्चशीलको आज्ञापालन गर्नेभन्दा नगर्नेहरुको मात्रा बढी पाइन्छ।

### ४.१.३ सानु लामाका कथामा मैत्री र करुणाको प्रभाव

कठोर हृदय भएको र मैत्री र करुणाशील दुवै थरीका पात्रहरु सानु लामाका कथामा भेटिन्छन् । 'पहाडी फूल काँडाकै माझ' शीर्षकको कथामा सिक्किम राज्यको तीमितार्कुमा खनिरहेको नयाँ बाटोमा कार्यरत श्रमिकवर्ग कालूसिंह, बीरे, बीरबहादुर, गणेशमान, साइँला मगर, इन्जीनियर गिरी, जस्ता नेपाली दाजुभाइहरु मैत्री र करुणाशील हृदय भएका पात्रहरु मान्न सकिन्छ । किनकि ती सबैजना पात्रहरु मिलेर पावङ्ग खोलाको ४०० गज मन्तिर भेटाइएको दिलमायाको लासलाई विधिवत् रुपमा अन्तिम दाहसंस्कार गरिदिएको पाइन्छ । प्रस्तुत कथामा– "कालुसिंह भोलि सिंगताम गएर दिलुको लास गिरी बाबुवाट जिम्मा लिऊ । हामी नै मिलेर उसको अन्तिम क्रिया गरिदिऊँ - स्वजनको उपकार गर्नाले नै हाम्रो उन्नति हुनसक्छ साथै मेरो भुलको प्रायश्चित पनि होला ।"[2] भन्ने गणेशमानले बोलेको संवादमा मैत्री र करुणा

---

[1] सानु लामा, सन् २००८, *सूर्यको तेस्रो किरण,* गान्तोक : जनपक्ष प्रकाशन, पृ- ३

[2] सानु लामा, सन् १९९, पूर्ववत्, पृ- १९

ध्वनित भएको पाइन्छ । कहिल्यै नचिनेको लासलाई स्वजन सम्झि अन्तिम दाहसंस्कार गरिदिने गणेशमान, कालुसिंह जस्ता पात्रहरुमा मैत्री र करुणाशील गुण सम्पन्न देखिन्छन् ।

मानिस खुसी र आनन्दित भएर बाँच्नलाई पनि आफुभित्र भएको मैत्री र करुणा रुपी गुण विकसित गर्न नितान्त आवश्यक देखिन्छ । सबै प्राणीहरुसित मैत्री भावना राख्ने प्रवृत्ति भएका मानिसहरुको धेरै मित्रहरु हुन सक्छन् । मैत्री र करुणाशील हृदय भएका मानिसले अन्य मानिसहरुले उन्नति गर्दा डाह, ईर्ष्या गर्दैनन् र उपलब्धि हासिल गरेका मानिसहरुलाई अझ उनीहरुको नयाँ-नयाँ उपलब्धिहरुको कामना गर्ने गर्छन् । अनि अरुको दुःखमा सहानुभूति पोख्न कहिल्यै पछि हट्दैनन् । आफै मात्र खाऊँ, आफै मात्र लाऊँ भन्ने विचार मैत्री र करुणाशील हृदय भएका मानिसहरुमा पाइँदैन । 'बलराम थापाको कथा' कथाको केशवप्रसाद श्रेष्ठ पात्रलाई मैत्री र करुणाशील हृदय भएको पात्र मान्न सकिन्छ । उसले प्रस्तुत कथाको मूल नायक बलराम थापालाई हृदयरोगी भएर सानुतिनो सरकारी जागिर गर्दै दोस्रो स्वास्नी माला र सानु छोरा प्रभात भएको सानो परिवारसित काठमाडौँको क्वार्टरमा बस्दै कष्टकर जीवन धानिरहेको मानिसलाई आफ्नै सहोदर दाजु ठानेर मैत्री सम्बद्ध स्थापति गरी करुणा र सहयोग गर्न अघि बढेको देखिन्छ । आफ्नो बाजे बराजुले निर्माण गरिदिएको ठुलो घरमा बलराम थापालाई काठमाडौँको क्वार्टर छाडेर सधैँ आफुसँगै बस्न कर लगाउदै केशवप्रसाद श्रेष्ठ भन्छ– "घर कता हो कता ठुलो छ, हाम्रो आमा छोराको लागि । त्यो क्वार्टर्स्मा भाउज्यु, छोरा छोरीसँग कुत्रुक्क परेर किन बस्छौ ? आजै आऊ, म कमराहरु छुटचाइदिन्छु ।"[1] रात्रिको समयमा बलराम थापा सिकिस्त विरामी हुँदा आफ्नो निद्रा सबै त्यागि तत्कालै डाक्टरलाई विन्तीभाव गरी ल्याइ

---

[1] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- ६३

उपचार गराउने केशवप्रसाद साँच्चै नै मैत्री र करुणाशील हृदय भएको पात्र प्रतीत हुँदछन् ।

संसारका सबै प्राणीलाई मित्र सम्झेर उनीहरुको हित गर्न चाहने मानिसहरु सधैँभरि हाँसी, खुसी, आनन्दित रहेर आफ्नो जिन्दगी बाँचिरहेका हुन्छन् । तर अज्ञानता, लोभ, क्रोध, ईर्ष्या जस्ता कुविचारहरु पालेर बसेका मानिसहरु जति नै धनसम्पति, सम्मान कमाएर बसे तापनि उनीहरु भित्री रुपमा दुःखी, निराशा भएको पाइन्छ । तसर्थ मानिस खुसी, आनन्दित भएर यस संसारमा जीउनका लागि मैत्रीको कामना गर्न आवश्यक देखिन्छ । सानु लामाका 'रेशी बगिरहेछ' कथाको मूल नायक धनबहादुर उर्फ धन्दाईलाई बौद्ध दर्शनको मैत्री करुणाशील हृदय भएको नेपाली समाजलाई नै निधि तुल्याउँने सत्पात्र मान्न सकिन्छ । प्रस्तुत कथाको मूल नायिका राधिका उदास भएको बेला उसलाई सम्झाउदै धन्दाई भन्छ– "म अझ धेरैलाई प्रेम बाँड्न सक्ने--- थुप्रैलाई माया गर्न सक्ने भएँ । सबै प्राणीको कल्याणको निम्ति काम गर्नसक्ने भएँ म । यो संसारमा म किन आएँ, यहाँ मेरो कर्त्तव्य के हो भनेर म सोच्थें । जवाब पाएँ मैले । राधिका, मैले कर्मक्षेत्र पाँए ।"[१] यस कथामा धन्दाई पात्रको माध्यमबाट कथाकारले मैत्री र करुणालाई व्यक्त गर्न खोजिएको पाइन्छ ।

सानु लामाका कथामा धन्दाई, कालूसिंह, बीरबहादुर, गणेशमान जस्ता करुणाशील हृदय भएका पात्रहरु मात्र छैन । तर 'कमला' शीर्षकको कथामा सिक्किमको झारलाङ्गी, कालोभारी, बेटी, ठेकी, ठेकीदारी व्यवस्था हुँदा साधारण जनतालाई अन्याय, अत्याचार, शोषण, दमन गर्ने जगतसिंह (दयाल बाबु), रायसाहेब जस्ता मैत्री र करुणाशील हृदय नभएका दुष्ट पात्रहरु पनि

---

[१] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- ३२

छन् । तसर्थ भन्न सकिन्छ कि लामाका कथामा प्रयुक्त पात्रहरु मैत्री र करुणाशील हृदय भएको र नभएका दुवै थरीका पाइन्छन् ।

### ४.१.५ सानु लामाका कथामा शून्यवादको प्रभाव

सानु लामाका 'मृगतृष्णा' कथा बौद्ध दर्शनको शून्यवादको दृष्टिले एउटा उत्कृष्ट कथा मान्न सकिन्छ । शून्यवादीहरु यस ब्रह्माण्डमा भएको कुनै पनि थोकको अस्तित्व छैन भन्ने कुरामा विश्वास राख्छन् । यस संसारमा भएका सम्पूर्ण वस्तुहरु परिवर्तनशील, अनित्य, शून्य छ भन्ने मान्यता शून्यवादीहरुको छ । प्रस्तुत कथामा चारजना मानिसहरुले हरियो बाँसमा एउटा लास बोकेर अन्तिम दाहसंस्कार गर्न गइरहेको प्रसङ्गले शून्यवादी धारणालाई कथाकारले दृष्टान्तका रुपमा दर्शाएको पाइन्छ । मनुष्यको चोला स्थायी छैन । यस संसारमा जन्मिएपछि जस्तै मै हुँ भन्ने मानिस पनि एकदिन मर्नु नै पर्छ । यस ब्रह्माण्डको कोही मानिस पनि अमर रहन सक्दैन । पञ्चतत्वद्वारा निर्माण भएको मनुष्यको चोला अन्त्यमा पञ्चतत्वमा नै विलिन हुन्छ भन्ने शून्यवादी धारणा 'पहाडी फूल काँडाकै माझ' कथा मार्फत् कथाकार यसरी प्रस्तुत गर्छन्– "गणेशमान एकटक लाएर लाशलाई हेरिबसे मानौं कसरी यति सुन्दर देह पनि लाश बन्न सक्दो रहेछ । यो कल्कलाउँदो शरीर । आफू हाँस्दा संसारै हँसाउने यी आँखा । फुलेको फूल देख्दा, मुरलीको स्वर सुन्दा र न्याहुलीले विलौना गर्दा रसिएर आउने यी नयन र सम्झी-सम्झी कल्पिने यो मन .. तर... तर मरणोपरान्त सब कहाँ रह्यो र !"[१] यस्तै प्रकारले 'बलराम थापाको कथा' कथाको एक ठाउँ कथाकार लेख्छन्– "जे भए पनि बलराम थापा पनि मानिस नै थिए । सबै मर्दा तिनी मात्र बाँच्ने अनौठो जीव थिएनन् ।"[२] उसरी नै 'सम्पत्ति' शीर्षकका कथा

---

[१] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- १५

[२] उही, पृ- ६४

मार्फत कथाकार बताउँछन्– “मानिस आउँछन्, जान्छन्, यस संसारबाट । हामी हेरिरहेका हुन्छौं, सधैं देख्छौं यी दृश्य हाम्रै हो । आफ्नै दृश्य यसरी दोहोरिबस्छ । एकदिन तर आफू पनि मर्नुपर्छ भन्ने सम्झनासाथ मुटुमा चिसो पस्छ–हामी साह्रै कातर ।”[१]

सानु लामाका ‘असिनाको मान्छे’ शीर्षकका कथा बाल मनोविज्ञानमा आधारित एउटा सुन्दर कथा हुनाका साथै प्रस्तुत कथामा पनि शून्यवादी पक्ष टड्कारो रुपमा ध्वनित भएको छ । भर्खरै मात्र किनेर ल्याएको रिडर्स डाइजेस्टमा क ख पढने ३ वर्ष पुगेको विन्दा बाल पात्र होस् अथवा भएभरको कागतका टुक्राहरु च्यातेर जेट प्लेन बनाउने ५ वर्ष पुगेको विनय बाल पात्र उनीहरुलाई रमाइलो गर्नका निम्ति म पात्रले बनाइदिएको असिनाको मान्छे खेल पछि विस्तारै विलाउनुमा शून्यवादी पक्ष परिलक्षित भएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त म पात्रद्वारा निर्मित असिनाको मान्छे जसरी बिलाउदै जान्छ, उसरी यस ब्रह्माण्डमा भएको पञ्चतत्त्वद्वारा निर्मित मान्छेहरु पनि आखिरमा मृत्युपछि पञ्चतत्त्वमा नै विलाएर जान्छ भन्ने शून्यवादी दर्शनको लाक्षणिक अर्थ यस कथामा पाइन्छ । यस ब्रह्माण्डमा नित्य भन्ने थोक केही पनि छैन, सबै थोक नै अनित्य छ, शून्य छ भन्ने बौद्ध दर्शनको शून्यवादी धारणा ‘रम्मीमा सिक्वेन्स् - एउटा अनुक्रम’ कथामा पनि पाइन्छ । प्रस्तुत कथाको मूल पात्र धीरज आफ्नी स्वास्नी लक्ष्मीको मृत्यु हुँदा मानव शरीर अनित्य छ, क्षणभङ्गुर छ, भन्ने कुरा बुझि स्वास्नीको वियोगको क्षणलाई मौनतामा लुकाउन चाहन्छ । प्रस्तुत कथाको एक ठाउँ यस कुरालाई कथाकारले यसरी प्रष्ट पारेका छन्–“लक्ष्मीको देहान्तमा धीरजले रोई-कराई गरेर आफ्नो भावना प्रदर्शन गरेन बरु क्षुब्ध बनेर आफ्नी स्वास्नीसँगको वियोगको पीड़ा मौनतामा लुकायो । यो मौनता हजार आँसुको बराबर थियो । यसमा स्वच्छता थियो, स्नेह थियो तथा पवित्र बन्धनको प्रमाण थियो । यसमा

[१] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- ९६

अनित्यताको स्वीकारात्मक छट्पटी थियो ।"[1] यस्तै प्रकारले प्रस्तुत कथा मार्फत् कथाकार बताउँछन्– "मृत्यु नित्यताको अनुक्रममा एउटा क्षणिक लौकिक विश्रृंखलता मात्र हो, आत्माले यस अनुक्रमको पुनर्ग्रहण गरिबस्छ । सांसारिक अस्थायीपनमा ब्रह्माण्डको नित्यता निर्भर गर्छ - यो अकल्पनीय अनुक्रमको कारण यही अस्थायीपन हो ।"[2]

बौद्ध दर्शनको शून्यवादमा विश्वास राख्नेहरु आत्मा हुँदैन भन्ने कुरामा आस्था राख्छन्। शून्यवादीहरु भन्छन् आत्मा भन्ने कुनै थोक हुँदैन, त्यो त खाली एउटा तत्त्व मात्र हो, जो आदिदेखि अनादि समयसम्म पवित्र हुन्छ । वास्तवमा ब्रह्माण्डका यावत् कुराहरु पञ्चतत्त्वद्वारा सृर्जित भएका छन् र पञ्चतत्त्वद्वारा सृजना भएका ती सबै कुराहरु नै शून्य छन् भन्छन् शून्यवादीहरु । मानिस पनि पञ्चतत्त्वद्वारा निर्माण भएको हुँदा, मानिसको मृत्यु भए पश्चात् शरीर विनाश भएर पञ्ततत्त्वमा नै विलिन हुन्छ र आत्मा भन्ने कुनै पनि थोक रहँदैन भनी शून्यवादीहरु अनात्मावादमा विश्वास गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले विश्वास गर्दै आएका अनात्मवाद शून्यवादी धारणालाई कथाकारले 'रेशी बगिरहेछ' शीर्षकका कथामा यसरी व्यक्त गरेका छन्– "सिमल गाउँको अग्लो थुम्कीमा राधिकाको चितामा बिस्तारै आगो बल्नलागेको थियो तर चिता जल्न सकेको थिएन । पूर्वपट्टिबाट आएको हावाको एउटा लहरले चितामा हम्काउने काम गऱ्यो । घिउ हाले झैं आगो हुरुरु बलेर एकै क्षणमानै सम्पूर्ण चितालाई नै ज्वालाले ढाकिदियो । नश्वर शरीर पञ्चतत्त्वमा विलीन हुन कति पनि समय लागेन - जीवनको क्षणभङ्गुरतालाई प्रमाणित गर्दै ।"[3]

---

[1] सानु लामा, सन् १९९०, पूर्ववत्, पृ- ४

[2] उही, पृ- ५०

[3] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- ४०

शून्यवादको दृष्टिले कथाकार लामाका 'मृगतृष्णा' र 'रेशी बगिरहेछ' कथाहरु भारतेली नेपाली कथा क्षेत्रमा उत्कृष्ट उदाहरण मान्न सकिन्छ ।

### ४.१.६ सानु लामाका कथामा कर्मवादको प्रभाव

कर्मवाद बौद्ध दर्शनको एउटा महत्त्वपूर्ण पक्ष मानिन्छ । मानिसले जस्तो कर्म गर्छ उस्तै कर्मको फल भोग्नु पर्छ भन्ने कुरामा कर्मवादीहरु आस्था राख्छन् । कर्मवादीहरु भन्छन् सत् कर्म गर्नाले सत् परिणाम हुन्छ र असत् कर्म गरे असत् परिणाम । सानु लामाका कथामा प्रयुक्त पात्रहरु वास्तविक जीवन जगत्का जस्तै असल कर्म गर्न रुचाउने तथा खराब कर्म गर्न केही नसोची अघि बढने दुवै भेदका पाइन्छ । 'रेशी बगिरहेछ' कथाको मूल नायक धनबहादुर उर्फ धन्दाई, 'बलराम थापाको कथा' कथाको सह नायक केशवप्रसाद, 'पहाडी फूल काँडाकै माझ' कथाको कालूसिंह, गणेशमान, बीरबहादुर, साइँला मगर, जस्ता पात्रहरु सत् कर्म गरी जीवन धान्ने मानिसहरु हुन् । तर 'स्वास्नीमान्छे' कथाको मिङमा, 'कमला' कथाको रायसाहेब, जगतसिंह (दयाल बाबु), 'खानीटारमा एकदिन' कथाको बैदार जस्ता पात्रहरु भने असत् कर्म गर्नुमा नै आग्रही देखिन्छन् ।

'स्वास्नीमान्छे' कथाको मिङमा परस्त्री ठुलीसित अनैतिक रुपमा जबरजस्ती यौन सम्बद्ध स्थापित गर्न खोज्दा उसले त्यसै कुकर्म अनुरुप चिरेको दाउराको फप्ल्याटो र प्रशासन् पक्षवाट प्रत्यक्ष रुपमा कर्मको फल भोग्नु परेको छ । ठुलीकान्छीले थानामा दिइएकी बयानबाट मिङमाले गरेको असत् कर्मको विवरणको दृष्टान्त यस्तो छ– "सार्कीदाइसँग पिङबाट छुटेर म हतार-हतार घरतिर आउन लागेकी थिएँ, मिङमासँग भेट भयो । उ अलि-अलि मातेको थियो । उसले चिया खाउँ भन्यो र हामी त्यस दोकानमा पस्यौं । त्यहाँ मैले चिया रोटी खाएँ, उसले अझै रक्सी खायो । दोकानभित्रै मिङमाले मेरो हात समात्न खोज्दै थियो तर म उठिहालें । मलाई डर-डर

लाग्यो । बाहिर आएर उसले मलाई हातमा समातेर जबर्जस्ती तान्न थाल्यो । मलाई त्यसबेला रिस उठेको थिएन तर जब उसले "मसँग हिँड्, त्यस्तो मरन्च्याँसे लोग्नेसँग बसेर के पाउँछस्?" भनेपछि भने साँच्चै रिस उठ्यो र आफ्नो पनि बचाउ र मेरो लोग्नेको इज्जत बचाउन उसलाई मैले दोकानकै दाउरा ल्याएर हिर्काएँ...।"[1] यस्तै प्रकारले मानिसले सत् कर्म गरे परिणाम पनि सत् हुन्छ भन्ने कर्मवादी मान्यता 'गौरी' कथाको भक्तिमान पात्रमा निहित देखिन्छ । प्रस्तुत कथाकी मूल नायिका गौरी केटा मित्रहरुसित हिँडडुल गर्नु रुचाउने र आफ्नो नारीत्वमाथि कलंक लाउन नचाहने प्रवृत्ति भएकी अविवाहित नारीका रुपमा देखा परेकी छे । तर गौरीकी दाइ विक्रम आफ्नो बहिनी केटा साथीहरुसित हिँडडुल गर्दा चिन्तित हुन्छ र उसैको साथी भक्तिमानलाई गौरीसित झूठो प्रेम गरेर हेरविचार गरिदिन विन्तिभाव गर्न पुग्छ । क्षयरोगले ग्रस्त साथीको यस प्रस्तावलाई आत्मसात् गरी भक्तिमानले गौरीलाई प्रेम गरेको जस्तो गर्छ । तर गौरीले भने भक्तिमानलाई साँचो प्रेम गर्छे । यसरी गौरी र भक्तिमानको प्रेम एकार्कामा प्रगाढ भएर जान्छ । भक्तिमानले विक्रमलाई लेखेको सौह्रौं पत्रबाट यी कुराको पर्दाफास यसरी भएको छ– "...मेरो प्रयत्नको सफलता यति चाँडो पाउँछु होला भन्ने मलाई विश्वास थिएन । गौरीको मन जित्न सफल भएँ । तिम्रो विश्वास र मेरो कर्त्तव्यको बिचमा परेर गौरीले अर्कै रंग लिएकी छे । तिमी यहाँ हुँदो हौ त म तिमीलाई तिम्रो बिमारीमा ओछ्यानमा नै तातो चिया ल्याइदिने निष्पाप गौरी देखाइदिन सक्ने थिएँ । तर विक्रम, तिमीले आफ्नो सात जुनीसम्म पनि आशा गर्न नसक्ने र मैले सपनामा भुलेर पनि सामना गर्नु नपरेका स्थिति र धर्म-संकटको सामना गर्नु परिरहेछ । त्यो हो गौरीको प्रेम । मैले जत्तिनै हल्कासाथ झूटो प्रेम गर्दा त्योभन्दा

[1] सानु लाम, सन् १९९५, पूर्ववत्, पृ- ९

पनि धेरै गहिरिएर गौरीले मलाई साँचो र पवित्र हृदयले प्रेम गर्न लागेकी छे । ऊ मेरो यति नजिक आइसकेकी छे-अब त्यहाँबाट फर्कनु परे एउटै बाटो छ । त्यो हो.....(म बताउन चाहन्नँ) विक्रम---।"[1] असत् कर्मको फल असत् हुन्छ भन्ने बौद्ध दर्शनको कर्मवादी धारणा सानु लामाका 'खानीटारमा एकदिन' कथामा बैदार पात्रको जीवनमा घटेका घटनामा पाइन्छ । प्रस्तुत कथाको बैदारले मङ्गलेको स्वास्नीलाई विहे गरेर लगेको सातौं दिनमा उसको सानो रुख र ढिस्कनो झरेर मृत्यु हुनु उसले गरेको असत् कर्मको फल हो भन्न सकिन्छ । तर मङ्गले भने कर्ममा विश्वास नगरेर भाग्यमा विश्वास गर्ने प्रवृत्ति भएको मानिसको रुपमा देखिएको छ । कथाको एक ठाँउ मङ्गले भन्छ– "पाँच-पाँच वर्ष एउटै घरमा बस्यौं । दुःख-सुख त्यस्तै हो– राम्रैसंग घर गरी खाँदै थियौं । म आफू यस्तै भए पनि उसलाई राम्रैसँग राखेको थिएँ । भाग्यमा नभएरै होला जय-जन्म नभएको । के गर्नु समय नै नराम्रो आयो-कलिमा मान्छेको मनमा पाप र लोभ पस्नु केही बेर लाग्दैन रहेछ ।"[2]

मानिसहरु अज्ञानताले गर्दा पनि भूल कर्म गरिरहेका हुन्छन् र त्यसै अनुरुप उसले कर्मको फल भोग्न पर्छ भन्ने धारणा बौद्ध धर्मावलम्बीहरुको पाइन्छ । मानिसले आफ्नो जीवनको लक्ष्य र उद्देश्य पूरा गर्न पनि सत्कर्म गर्नपर्छ भन्ने सानु लामाका कर्मवादी विचार यस्तो छ– "जीवनको लक्ष्य हुन्छ, उद्देश्य हुन्छ । त्यही लक्ष्य र उद्देश्य प्राप्तिको निमित्त हामीले जीवन जीउनु पर्छ, सत्कर्म गर्नपर्छ ।"[3] सत्कर्म गर्ने मानिस सधैं सुखी र आनन्दमय हुन्छ भन्ने बौद्ध दर्शनको कर्मवादी विचार केही वैज्ञानिक पनि देखिन्छ । यस दृष्टिले सानु लामाका 'रेशी

---

[1] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- ३६

[2] उही, पृ- ८५

[3] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- ३३

बगिरहेछ' शीर्षकका कथा एक उत्कृष्ट कथा मान्न सकिन्छ । प्रस्तुत कथाको मूल नायक धन्दाई पात्रमा आएको सकरात्मक सोचले नै उसको जीवन सुखी, आनन्दित भएको छ । सांसारिक कुराहरुले मात्र मानिसहरु वास्तविक रुपमा सुखी र आनन्दित बन्न सक्दैन । भौतिक सुख त क्षणिक हुन्छ भन्ने कुरा ज्ञात भए पश्चात् सकारात्मक सोच र सत् कर्मकै परिणाम स्वरुप बौद्ध भिक्षु भएर धन्दाईले सुखी र आनन्दित जीवन बिताइरहेको पाइन्छ ।

बौद्ध दर्शनको कर्मवादको दृष्टिले सानु लामाका कथाको अध्ययन गरी चूडान्तमा के भन्न सकिन्छ भने उनका कथाहरुमा कर्मवादी र भाग्यवादी दुवै प्रकारका चरित्र भएका पात्रहरु भेटिन्छन् । उनका कथामा  धन्दाई, बीरबहादु, गणेशमान, भक्तिमान जस्ता पात्रहरुले कर्मवादी पात्रका प्रतिनिधित्व गरेका छन् भने मङ्गले जस्ता पात्रले भाग्यवादी पात्रका भूमिका निर्वाह गरेको पाइन्छ ।

### ४.१.७ सानु लामाका कथामा प्रतीत्यसमुत्पादको प्रभाव

यस ब्रह्माण्डमा भएका यावत् कुराहरु एकार्कामा निर्भर रहेर मात्र उत्पति भएको हो भन्नु नै 'प्रतीत्यसमुत्पाद' हो । अनि यस्ता 'प्रतीत्यसमुत्पाद' भएका सबै थोक नै अनित्य छन्। भौतिक जगत्मा दुःख छ, मानिसले दुःख पाउनको पछाडि कुनै न कुनै कारण रहेको हुन्छ । तर यस्ता सांसारिक दुःखहरुबाट बाँच्न सकिने उपायहरु पनि छन् । अनि दुःखबाट बाँच्न सकिन्छ पनि भन्ने चार आर्य सत्य जबसम्म मानिसले बुझ्न सक्दैन तबसम्म उसले 'प्रतीत्यसमुत्पाद' के हो ? भन्ने कुराबारे अनभिज्ञ नै रहन्छ ।

सानु लामाका कथामा 'प्रतीत्यसमुत्पाद'-को प्रयोग हेर्दा कथाका पात्रहरुले दुःख र सुख भोग्नुमा विविध कारणहरु अन्तरनिहित रहेको पाइन्छ । उनका कथामा कुनै पात्रले आर्थिक विपन्नताको कारण, कुनै पात्रले चाहिएभन्दा अधिक चाहका कारण, कुनै पात्रले यौनलिप्साको

कारण दुःख भोग्नु मात्र नभएर मृत्युको मुखमा समेत परेको छ । तर धन्दाई पात्रले भने बौद्ध भिक्षु बनेको कारण आनन्दमय सुखमा जीवन बिताएको छ । तसर्थ भन्न सकिन्छ कि मानिसले जीवनमा सुखी हुनु दुःखी हुनु आफ्नै हातमा छ । कुनै कारणविना कुनै पनि मानिस सुखी र दुःखी बन्न सक्दैन भन्ने प्रतीत्यसमुत्पादको प्रभाव लामाका कथामा प्रयुक्त पाइन्छ ।

संसारमा देखिएका कुनै पनि थोक आफै सिर्जना भएको होइन । यी थोकहरु सिर्जना हुनमा केही न केही कारण अवश्य नै रहेको हुन्छ भन्ने 'प्रतीत्यसमुत्पाद'-मा सानु लामा 'गौरी' कथा मार्फत् यसरी सहमत जनाउँछन्– "यथार्थतामा 'फलाना युवती त कुपथमा लागिन्' रे तथा बिग्रिसकिन् 'रे' भनेको सुन्नसाथ त्यस युवतीको विषयमा नानाबलीका कुरा कथेर नाम-उपनाम दिनु जसको पनि सर्वथा भुल हो । प्रथमतः त्यस युवतीको विषयमा, उसको अभिरुचि, मनोस्थिति, कुप्रथामा लाग्नको कारण जान्नु उचित छ ।"[1] गौरीकी चरित्र पवित्र भएर पनि उसलाई समाजले नराम्रो नजरले हेर्नको पछाडि केही कारण रहेको छ । गौरी प्रायः जसो केटा साथीहरुसित हिँडडुल गर्न रुचाउँथे । जसको कारणले गर्दा उसलाई समाजले अर्कै नजरले हेरेको प्रतीत हुन्छ । 'स्वास्नीमान्छे' कथामा परस्त्री ठुलीसित अनैतिक रुपमा यौन सम्बन्ध राख्न खोज्दा मिङमाले ठुलीकी हातबाट चिरेको दाउराको फप्ल्याटोको प्रहार सहनु परेको छ । थानामा थुनिनु परेको छ । मिङमाले दुःख पाउनको प्रमुख कारण नै उसमा भएको काम वासनाको लिप्सा हो भन्ने कुरा प्रस्तुत कथामा प्रष्ट भएको छ । यस्तै प्रकारले 'सूर्यको तेस्रो किरण' कथामा काम वासनाको कारण सावित्रीसित अनैतिक रुपमा यौन सम्बन्घ गाँस्न खोज्दा मोटे सावित्रीकी हातद्वारा मारिनु परेको छ ।

सानु लामाका 'पैयुँ फुलेको दिन' कथामा आफ्नो परिवारको आर्थिक अवस्था त्यति ठिक

---

[1] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- ३१

नभएको हुँदा, दसौं कक्षाको परीक्षा सिद्धिएपछि खाता कितापहरु थन्काएर खेतीपाती गर्दै गाईको दूध बेचेर सानो घर संसार चलाउन बाध्य भएको छ गोपाल । उसले आफ्नो पढाइलाई निरन्तरता दिन नसक्नुमा उसको पारिवारिक आर्थिक अवस्था त्यति ठिक नहुनु नै प्रमुख कारण बनेको छ । यद्यपि उसले खेतीपाती गरेर, गाईको दूध नै बेचेर भएपनि आफ्नो घरपरिवार सुचारु रुपमा चलाउन सक्षम भएको छ । 'प्रतीत्यसमुत्पाद'-को दृष्टिले गोपालको जीवन भौतिक जगत्मा जे जसरी चलिरहेको भए तापनि उनी आन्तरिक रुपमा सुखमय र आनन्दमय देखिन्छ ।

सिक्किममा ठिकादारी प्रथा हुँदा यहाँका कमला जस्ता आर्थिक विपन्नतामा हुर्किएकी छोरीचेलीहरुले क्रूर शासकबाट यौनशोषण खप्न पर्दथ्यो भन्ने कुरा लामाले 'कमला' शीर्षकका कथामा प्रष्ट पारेका छन् । शासकहरुले षडयन्त्र गरेर आफ्नो शासन क्षमताको दुरुप्रयोग गरी सिक्किमेली निमुखा जनताहरुप्रति विविध किसिमको शोषण गर्थे । प्रतीत्यसमुत्पादको दृष्टिले हेर्दा तत्कालिन सिक्किमका सर्वहारा जनता आर्थिक रुपमा दुर्बल हुनु नै उनीहरुमाथि शासकहरुले शोषण गर्नुको प्रमुख कारण रहेको बुझिन्छ । यस्तै प्रकारले 'पहाडी फूल काँडाकै माझ' कथाको पदमसिंहले कठोर श्रम गरेर कमाएको रुपियाँ पैसा चोरी भएपश्चात् उसले आत्महत्या गर्छ । दार्जिलिङबाट आफ्नो घरको आर्थिक विपन्नतालाई सच्याउन सिक्किम पसेको पदमसिंहले अथक कष्ट गरेर कमाएको रुपियाँ पैसा चोरी हुनु नै उसले आत्महत्या गर्नुको मूल कारण हो भन्ने कुरा कालुसिंहको यस संवादबाट प्रष्ट हुन्छ– "बूढो दुई दिन डेराबाट हराएछ-कसैलाई पत्ता भएन, चारैतिर मान्छेले छप्छप्ती खोज्दा, दुई दिनपछि एउटा रुखमा झुण्डिएर मरिरहेको मान्छेहरुले पाएछन्-आत्महत्याको कारण चाहिँ उसको त्यहाँसम्म कमाएको जम्मै पैसा चोरी भयो रे भन्ने मैले सुनें ।"[1] वास्तवमा धन सम्पति भन्ने कुरा त केही पनि होइन, मान्छेको

[1] सानु लामा, सन् १९९५, पूर्ववत्, पृ- १९

ज्यान छ भने धन सम्पत्ति जति पनि कमाउन सकिन्छ, आफुमा भएको त्यति पैसा चोरी हुँदैमा पदमसिंहले आत्महत्या गर्नु भनेको उसमा धन सम्पतिप्रति मोह अधिक भएको कारण दुःख खप्नु नसक्नु हो भन्ने बुझिन्छ । प्रतीत्यसमुत्पादको दृष्टिले हेर्दा सांसारिक माया मोह सहन गर्न नसकेको कारण पदमसिंहले आत्महत्या गरेको प्रतीत हुन्छ । यस संसारमा मानिसले जन्म लिएपछि उसले दुःख पाउनको पछाडि उसमा भएको तृष्णा नै प्रमुख हेतु हो भन्ने प्रतीत्यसमुत्पादी धारणा सानु लामाका 'म भगवान् भएँ' शीर्षक कथाको अगमवीर पात्र मार्फत यसरी ध्वनित भएको छ–

"...म भगवान भएँ ।

सुन सबैले, आजदेखि म भगवान भएँ ।

..अब मैले कसैको इच्छा पूरा गरिदिनु पर्दैन ।

अरुको कुरा मैले नसुनिदिँदा पनि हुन्छ ।

म भगवान् भएँ...."[१] तृष्णाले गर्दा नै मानिसमा विविध प्रकारका खाँचोहरु सिर्जना हुन्छन् । अनि ती खाँचोहरु पूर्ण नभईकन मानिसको जीवन समाप्त हुँदछ । तसर्थ कम इच्छा गर्ने मानिस नै यस भौतिक जगत्मा सुखमय र आनन्दमय भएर बाँच्न सक्छन् भन्ने प्रतीत्यसमुत्पादी विचार अगमवीरमा परिलक्षित भएको पाइन्छ ।

भौतिक जगत्मा भएका कुनै पनि थोक एक्लैमा सिर्जना नभएर एकार्कामा निर्भर भएर मात्र सिर्जना भएको हो भन्ने प्रतीत्यसमुत्पादी धारणा 'संयोग' कथाको मञ्जरी पात्रमा प्रष्ट रुपमा देखिन्छ । मञ्जरीमा मातृत्वको चाह हुँदाहुँदै पनि उसमा गर्भाशयमा जाने नली बन्द

---

[१] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- ५८

हुनाले गर्दा ऊ आमा बन्न सक्दिनन् । एउटा विवाहित महिलाकी मातृत्व चाह पुरा हुनका निम्ति पनि कुनै थोकमा निर्भर रहेको हुन्छ भन्ने प्रतीत्यसमुत्पादी मान्यता यहाँ मञ्जरीमा चरितार्थ भएको पाइन्छ । डाक्टरले अमरलाई मञ्जरीबारे दिएको बयानलाई यहाँ दृष्टान्त रुपमा राख्न सकिन्छ– "हेर्नोस् मिस्ट अमर, दोष मञ्जरीमा छ । उसकोमा एउटा विकार छ । यस प्रकारको विकारलाई हामी टचूबल ब्लकेज भन्छौं । गर्भाशयमा जाने नली बन्द हुनाले गर्भधारण हुन असम्भव छ । यसलाई ठीक गराउन अपरेशन हुन आवश्यक छ ।"[१]

प्रतीत्यसमुत्पादको दृष्टिले हेर्दा मानिसले अधिक लोभ गर्नाले दुःख भोग्नु पर्छ भन्ने भनाइ 'पाहुना' कथाको  गगन पात्रमा साबित भएको छ । आर्थिक रुपमा सम्पन्न भए तापनि गगन आफ्नो अफिसको काम सकेर सिप्रा इन्टरप्राइजमा पार्ट टाइम काम गर्छ । जसको कारण उनी शारीरिक र मानसिक रुपमा सदैव शिथिल हुन्छ । तसर्थ सिप्रा इन्टरप्राइजको पार्ट टाइम काम छाडिदिनु, अफिसको कामले नै खान लाउन पुगिहाल्छ भन्दै गगनकी अधाङ्गिनी भन्छे– "तिमीलाई मैले कतिपल्ट भनें यो सिप्राको पार्ट-टाइम काम छोडिदेऊ भनेर । यो नगरे के हामी भोकै मर्छौं ? दिनभरि अफिसमा काम गरेर थाक्छौ-बेलुका भएपछि यो पार्ट..."[२]

क्लेश, वासना, तृष्णा जस्ता अवगुण भएका मानिसहरु सदैव दुःखी हुन्छन्, किनभने यस्ता अवगुणहरु नै मानिस दुःखी हुनको मूल कारण हुन् भन्ने प्रतीत्यसमुत्पादी धारणा सानु लामाले मिङमा, मोटे, पदमसिंह, स्वाति, अगमवीर, गगन, आदि पात्रहरुद्वारा प्रष्ट पारेका छन्। यसरी नै लामाले धन्दाई पात्र मार्फत तृष्णा नभएका मानिस सुखमय, आनन्दमय हुन्छन् भन्ने प्रतीत्यसमुत्पादी धारणालाई प्रमाणित गरेका छन् ।

[१] सानु लामा, सन् १९९०, पूर्ववत्, पृ- १६

[२] उही, पृ- ७४

### ४.१.८ सानु लामाका कथामा मध्यम मार्गको प्रभाव

मध्यम मार्गको अनुसरण गरेर नै बोधिज्ञान प्राप्त हुन्छ भन्ने मान्यता बौद्ध दर्शनमा रहेको पाइन्छ । यस दर्शनअनुसार मध्यम मार्गलाई बोधिज्ञान प्राप्त गर्ने सहज उपाय मानिन्छ । मध्यम मार्गको अनुसरण गरेर नै सिद्धार्थ बुद्ध भए । आफ्नो शरीरलाई अति कष्ट पुऱ्याएर भौतिक जगत्को यथार्थदेखि विपरीत चरमसीमा पुगेर होइन, न कि आफ्नो शारीरिक आकांक्षाको अतिभोगमा डुबेर बोधिज्ञान प्राप्त गर्न सकिन्छ ।

सानु लामाका 'रेशी बगिरहेछ' कथाको मूल नायक धन्दाई मध्यम मार्गको अनुसरण गरी बौद्ध भिक्षु बन्न सक्षम बनेको छ । जब धन्दाई सहर पसेर गेरुवा वस्त्रधारी बौद्ध भिक्षुको सामीप्यमा पुगेर बुद्धका देशना (प्रवचन) सुन्छ, त्यसलाई अनुभव गर्न थाल्छ तब उसले भौतिक जगत्मा देखिएका सबै थोकहरु अनित्य हुन् भन्ने कुरा बुझ्न थाल्छ । उसमा भएका तृष्णा, क्लेश परिमार्जित भएर ऊ आनन्दमय र सुखमय जीवन जीउन थाल्छ । मध्यम मार्गी बनेपश्चात् धन्दाईले मानव जीवनलाई ईश्वरको बहुमूल्य वरदान ठान्छ । आफ्नो प्रियसीलाई मध्यम मार्गबारे अवगत गराउदै धन्दाई भन्छ– "अज्ञानताको कारणले गर्दा अनगन्ती निमुखा र निरीह मानिसहरु जताततै भौंतारिरहेका छन् । हामी आफ्नो परिवेशलाई फोहोर बनाइरहेका छौं। मान्छे भएर जन्म लिएपछि हाम्रो जिम्मावारी के हो, यस संसारमा हाम्रो कर्त्तव्य के हो सोपट्टि कोही सोच्दैनन् । हामी सही बाटो छोडेर लोभ, स्वार्थ अनि धृणाको फाँटिलो र आरामदायक देखिने भ्रान्तिमय सडकमा दौडिरहेका छौं ।"[१]

ऊ बौद्ध भिक्षु भए पश्चात् गाउँ आएको बेला आफ्नो प्रेमिका राधिकासित साक्षात्कार

---

[१] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- २८

गरी सम्यक् रुपमा काम वासनाको भावनालाई त्यागेर भनिएको यो कुरा मध्यम मार्गको सन्दर्भमा मिल्न जान्छ– "जुन मार्गमा म हिँड्न तयार भएँ त्यसको लक्ष्यमा म पुग्नसकूँ त्यस्तो चाहना राख । तिमी मेरो निम्ति सम्झना नबनेर प्रेरणा बनिदेऊ ।"[१] यसरी धन्दाई सांसारिक सत्यदेखि अति विपरीत सीमामा पनि नपुगी र शारीरिक काम वासनाको इच्छारहित मध्यम मार्गलाई अपनाएर प्रस्तुत कथामा ऊ बौद्ध भिक्षु बन्न सफल भएको छ ।

सानु लामाका कथाहरुको अध्ययन गरेर हेर्दा 'रेशी बगिरहेछ' कथाका धन्दाई पात्र अतिरिक्त अन्य कुनै पनि पात्रले बौद्ध धर्मावलम्बी भएर मध्यम मार्गको अनुसरण गरेको पाइन्न। तसर्थ भन्न सकिन्छ कि मध्यम मार्गको प्रभाव र प्रयोगको दृष्टिले प्रस्तुत कथा एउटा उत्कृष्ट उदाहरण मान्न सकिन्छ ।

---

[१] सानु लामा, सन् २००८, पूर्ववत्, पृ- ३३

## पाँचौ अध्याय

### उपसंहार

(खृ पू ५२८)-मा गौतम बुद्धले प्रवर्तन गरेका बौद्ध दर्शन विश्व प्रसिद्ध भएर वर्तमानमा पनि यस दर्शनको पूर्वीय तथा पाश्चात्य वाङ्मयमा विशद् अध्ययन भइरहेको छ । बोधिज्ञान प्राप्त गर्नु मुख्य ध्येय रहेको यो दर्शन प्रारम्भमा थेरवाद सम्प्रदायले लोकप्रिय हुन पुगे । कालान्तरमा थेरवादको अतिरिक्त महायान र वज्रयान सम्प्रदायमा यो दर्शन विभाजन भएको पाइन्छ । यी उल्लिखित विविध सम्प्रदायहरुमा बौद्ध दर्शन विभाजित भए तापनि यी सम्प्रदायहरुका साझा वैशिष्ट्य भनेको बुद्धले भनेका वचन पालन गर्नु नै हो । बुद्धले धम्म (प्रवचन) प्रचार गर्ने क्रममा मानिसलाई कहिल्यै पनि कुनै किसिमका लोभ, लालच देखाएनन् न कि अन्य कुनै धर्महरुको प्रतिवाद नै गरे । उनले मैत्री, करुणा, प्रेम र सद्भावनाले नै अङ्गुलिमाल जस्ता डाकुलाई पनि उपदेश दिएर सम्यक् जीवन जीउन सिकाए । उनले उपदेश दिनुभन्दा पहिले मानिसको स्थिति बुझ्ने गर्थे । भोकाएकाहरुलाई भोजन दिन्थे, रोगीहरुलाई उपचार गर्थे, क्रुर हृदय भएका मानिसहरुलाई सहृदयले प्रेम गर्थे । जब बुद्धले दिएका उपदेशहरुले मानिसहरुका हृदयलाई छुन्थे, तब उनीहरु बैद्ध भिक्षु भएर आफ्नो रहल जीवन सम्यक् तरिकाले जीउने गर्थे । उनकै जीवनकालमा आनन्द, शुद्धोधन, महाप्रजापति गौतमी, यशोधरा, राहुल, आम्बपाली, बिम्बिसार, युवराज अजातशत्रु, विशाखा, सुदत्त, देवदत्त जस्ता अनेकौं मानिसहरुले बौद्ध धर्मको उपदेश लिएर आजीवन बौद्ध भिक्षु भएर बिताए । बुद्धको महापरिनिर्वाण भए पछि पनि उनले भनेका प्रवचनलाई मौर्यवंशी सम्राट अशोक, कुशान वंशी सम्राट कणिष्क, गुप्त वंशी सम्राट कुमार गुप्त प्रथम, बुद्ध गुप्त, हर्षवर्द्धन, पाल वंशी सम्राट

गोपाल, धर्मपाल, देवपाल, महिपाल, न्यापाल, रामपाल आदि राजाहरु तथा वर्तमान समयमा पनि भारत, नेपाल, भुटान, तिब्बत, बर्मा आदि राष्ट्रका मानिसले बौद्ध धर्मको उपदेशलाई पालन गरिरहेको पाइन्छ । आजभन्दा करिब पच्चीस सय वर्ष पहिले गौतम बुद्धले प्रवर्तन गरेका बौद्ध धर्म वर्तमान समयसम्म पनि मानिसहरुले हृदयदेखि नै मनपराएर स्वीकारी रहेको कुराबाट यस धर्म साँच्चै नै अवलम्बनयोग्य मानव धर्म हो भन्ने कुरा प्रतीत हुँदछ ।

भारतीय नेपाली कथाको क्षेत्रमा आञ्चलिक कथाकारको रुपमा स्थापित सानु लामाका प्रकाशित 'मृगतृष्णा', 'रेशी बगिरहेछ' आदि कथाहरुमा बौद्ध दर्शनको प्रयोग र प्रभाव सम्यक् रुपमा भएको पाइन्छ । 'स्वास्नीमान्छे', 'पहाडी फूल काँडाकै माझ', 'गौरी', 'फूर्बाले गाउँ छोडयो', 'बलराम थापाको कथा', 'खानीटारमा एक दिन', 'यसरी बित्छ दिन', 'रम्मीमा सिक्वेन्स्-एउटा अनुक्रम', 'पैयुँ फुलेको दिन', 'सात भाइकी चेली', 'सन्तानको सुख' जस्ता कथा आञ्चलिक विषयवस्तुमा लेखिएका उत्कृष्ट कथाहरु हुन् । रुपनारायण सिंह, शिवकुमार राई, इन्द्र सुन्दास जस्ता नेपाली साहित्यका मर्धून्य कथाकारहरुका उत्तराधिकारी कथाकारको रुपमा उदय भएका लामाले साठीको दशकदेखि हालसम्म नेपाली साहित्यका विविध विधाहरुमा निरन्तर रुपमा कलम चलाइरहेका छन् । नारीहरुप्रति सहानुभूति दर्शाउने यिनी सामाजिक परिवेशमा हुर्किएका सरल भाषामा कथा लेख्ने कथाकार हुन् । यिनले पचास वर्षजति आफ्नो जीवनकाल सरकारी अभियन्ताको पेशामा बिताएको हुँदा सिक्किमका विविध गाउँ बस्तीका जनमानसका दुःख-सुख बुझ्ने अवसर पाए । फलतः यिनका कथाहरुमा परोक्ष र प्रत्यक्ष रुपमा ती ग्रामीण जनजीवनका पीर-मर्का, हाँसो-रोदन, उकाली-ओराली, जस्ता विविध पाटाहरुलाई नजिकबाट जान्ने, चिन्ने मौका पाए ।

बुद्धले भनेका वचन नै बौद्ध दर्शनको नामले विश्व विख्यात भयो । 'बौद्ध दर्शन' भन्ने बित्तिकै बुद्धको नक्सा हाम्रो अघि स्वतः आइहाल्छ । कर्मवाद, मैत्री र करुणा, मध्यममार्ग, शून्यवाद, प्रतीत्यसमुत्पाद, अनिश्वरवाद, कर्मवाद, अनात्मावाद, पञ्चशील जस्ता बौद्धका विविध पक्षहरु कथाकार लामाका विभिन्न कथामा प्रतिविम्बित भएको पाइन्छ । यिनले बौद्ध दर्शनको शून्यवादी पक्षलाई 'मृगतृष्णा'-मा एउटा लासलाई चारजना मानिसहरुले बोकेर अन्तिम दाहसंस्कार गर्न हिँडिरहेको सन्दर्भबाट मानिसको जीवन स्थायी छैन भन्ने कुरालाई प्रष्ट पारेका छन् । यस जगत्मा भएका यावत् कुराहरु नै परिवर्तनशील छन् । कुनै पनि कुरा नित्य छैन, सबै अनित्य छन्, शून्य छन् भन्ने शून्यवादी धारणालाई यिनले प्रस्तुत कथामा राम्ररी चित्रण गरेका छन् । यस्तै प्रकारले मानिसको जीवन भाग्यले होइन कर्मले परिचालित हुन्छ, मानिसले जस्तो कर्म गर्छ उस्तै उसले परिणाम पाउँछ भन्ने कर्मवादी विचार कथाकारले 'स्वास्नीमान्छे', 'रेशी बगिरहेछ', 'सूर्यको तेस्रो किरण' जस्ता कथामा राम्ररी प्रष्टाएका छन् । 'स्वास्नीमान्छे' कथाको मिङमा, 'सूर्यको तेसो किरण' कथाको मोटे जस्ता पात्रहरुले आफुले गरेको दुष्कर्मको कारणले चिरेको दाउराको फप्ल्याटो, मृत्युको मुखमा समेत पुग्न परेको छ भने 'रेशी बगिरहेछ' कथाको पात्र धन्दाईले आफुले गरेको सत्कर्मको परिणाम स्वरुप बौद्ध भिक्षु भएर आनन्दमय जीवन बिताइरहेको छ । यिनको कथाका सार्की कान्छा, फूर्बा, धन्दाई, राधिका, गणेमान, कालूसिंह, बीरबहादुर, साइँला मगर, केशवप्रसाद, सन्तकुमार, गोपाल, मोहन जस्ता पात्रहरु मैत्री र करुणाशील हृदय भएका पात्रहरु हुन् भने मिङमा, मोटे, जगतसिंह, रायसाहेब, बैदार, जस्ता पात्रहरु दुष्ट चरित्रका पात्रहरु हुन् । यिनको हाल सम्ममा मुद्रण भएका कथाहरुमा 'रेशी बगिरहेछ' कथाको धन्दाई पात्र बौद्ध धर्मको सम्पूर्ण उपदेशलाई पालन गरेर आजीवन बौद्ध भिक्षु बन्न सक्षम भएको छ । तसर्थ भन्न सकिन्छ कि 'रेशी बगिरहेछ' कथामा बौद्ध दर्शनको प्रयोग र

प्रभाव भएको भारतीय नेपाली साहित्यमा यसलाई बौद्ध दर्शनको एउटा असल दृष्टान्त मान्न सकिन्छ ।

'बौद्ध दर्शन'-को एउटा महत्त्वपूर्व पक्ष मानिने 'प्रतीत्यसमुत्पाद' पनि लामाका कथाहरुमा टड्कारो रुपमा ध्वनित भएको पाइन्छ । यस ब्रह्माण्डमा कुनै पनि त्यस्तो थोक छैन जो चाहिँ कुनै अर्को थोकमाथि भर नपरी निर्माण भएको होस् । यस संसारका यावत् कुराहरु कुनै अर्को थोकमाथि भर परेर मात्र निर्माण भएका हुन्छन् भन्नु नै 'प्रतीत्यसमुत्पाद' हो । यसैले गर्दा कतिपय विद्वान्हरुले प्रतीत्यसमुत्पादलाई 'हेतुफल' पनि भन्न रुचाएका छन् । यस्तै प्रकारले संसारमा मानिसहरुले दुःख पाउनु, सुख पाउनुको पछाडि कुनै न कुनै एउटा कारण रहेकै हुन्छ। 'स्वास्नीमान्छे' कथामा विवाहित ठुलीकान्छीमाथि अनैतिक ढङ्गले व्यभिचार गर्न खोज्दा मिङमाले थानामा प्रहरीको हातबाट गोदाइ समेत खान परेको छ भने 'सूर्यको तेस्रो किरण' कथामा अविवाहित सावित्री माथि अनैतिक रुपमा यौन सम्बन्ध राख्न खोज्दा सावित्रीको हातबाट मोटे मृत्युको मुखमा परेको छ । तर 'रेशी बगिरहेछ' कथाको धन्दाई आफुमा भएको सद्भावनाको कारण सुखसित जीवन जीउन सक्षम बनेको छ । मानिसले दुःख पाउन, सुख पाउनको पछाडि केही न केही कारण अवश्य नै रहेको हुन्छ भन्ने प्रतीत्यसमुत्पादी धारणालाई लामाले उक्त कथाहरुमा प्रस्ट्याएका छन् ।

मैत्री र करुणाशील हृदय भएका मानिसहरु सधैँ सुखी र आनन्दित हुन्छन्, यस्ता मानिसहरुले नै अष्टांगिक मार्ग पालन गरेर बुद्धत्व प्राप्त गर्न सक्छन् भन्ने मान्यता बौद्ध दर्शनमा रहेको पाइन्छ । अरुको दुःख-सुखमा सधैँ साथ दिने, मानिस नै मैत्री प्रेम र करुणाशील हृदय भएका मानिसहरु हुन् । सानु लामाका 'स्वास्नीमान्छे', कथाको ठुलीकान्छी, ठुलोकान्छा, सार्कीकान्छा, 'गौरी' कथाको विक्रम, गौरी, 'इयरिङ' कथाको देव, 'कमला' कथाको कमला,

मानवीर, मास्टर, सन्तकुमार 'पहाडी फूल काँडाकै माभ्र' कथाको गणेशमान, साइँला मगर, कालूसिंह इन्जीनियर गिरी, 'बलराम थापाको कथा' कथाको केशवप्रसाद, 'पैयुँ फुलेको दिन' कथाको गोपाल, संध्या, 'संयोग' कथाको गौतम, 'पाहुना' कथाको गगन, स्वाति, 'साइनो' कथाको सुसील, 'रेशी बगिरहेछ' कथाको धन्दाई, राधिका, 'पेन्सन, तक्मा र गाडी' कथाको मोहन, जस्ता पात्रहरु मैत्री र करुणाशील हृदय भएका पात्रहरु हुन् ।

नेपाली कथाका अतिरिक्त नेपाली गीतकारका रुपमा समेत प्रतिष्ठित भएका यिनका कथाहरु बाल मनोविज्ञान ('ज्योतिबिनाको उज्यालो', 'असिनाको मान्छे'), यौन मनोविज्ञान ('टी शर्ट'), ऐतिहासिक यथार्थवादी ('कमला', 'घाम-छाँया (१)', र 'घाम-छाँया (२)', 'बिहान हुन नसकेको रात'), सामाजिक यथार्थवादी ('बलराम थापाको कथा' 'फूर्वाले गाउँ छाडयो' आदि) एवं बौद्ध दर्शन ('रेशी बगिरहेछ', 'मृगतृष्णा')–मा आधारित रहेको पाइन्छ । 'करुणा'-लाई यिनका कथाहरुमा पाइने साभ्रा कथागत वैशिष्ट्यका रुपमा मान्न सकिन्छ । जो कोहीका दृष्टिबाट ओभ्रेलमा परेका समाजका मन्दा, गोपाल, ठुलोकान्छा, गणेशमान, मिस्टर ललित भण्डारी, गौरी, फूर्बा, कमला, सन्तकुमार, माया, बलराम थापा, मङ्गले, राधिका, अगमबीर, जस्ता पात्रका करुणाजनक जीवन भोगाइलाई लामाले आफ्ना कथाहरुमा जीवन्त पात्रका रुपमा छनौट गरेर सफलतासित उतारेका छन् । यिनी स्वयं बौद्ध धर्मावलम्बी भएकाले यिनका कथामा परोक्ष र प्रत्यक्ष बौद्ध दर्शनको प्रयोग साथै प्रभाव परेको पाइन्छ ।

समग्रमा भन्नु पर्दा सानु लामा सिक्किमले जन्माएका ग्रामीण जनजीवनका दु:ख-सुख, हाँसो-रोदन, मिलन-बिछोड, प्रेम-धृणालाई गाउँले परिवेशलाई लिएर कथा सृजना गर्ने एकजना सर्जक हुन् । प्रकाशित तिनै कथासङ्ग्रभित्रका केही कथाहरुमा बौद्ध दर्शनको प्रयोग भएको पाइन्छ । यिनका लेख रचनाहरुलाई बौद्ध दर्शनको प्रयोग र प्रभावका अतिरिक्त, यिनका कथाहरुलाई

सिग्मन्ड फ्रायडको मनोविश्लेषणवादी सिद्धान्त, नारीवादी चिन्तनका आधारमा पनि अध्ययन गर्ने प्रशस्तै ठाउँ रहेको पाइन्छ ।

# सन्दर्भ सामग्री सूची

## क. नेपाली पुस्तक


१. अर्याल, दुर्गाप्रसाद, (सन् २०००), *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन,* काठमाडौँ : सुरज प्रिन्टिङ्ग प्रेस, असन त्यौड, नेपाल ।

२. छेत्री, राजकुमार, (सन् २००९), *सिर्जनाको समावलोकन,* दार्जीलिङ : गामा प्राकाशन ।

३. जीम्बा, दावा टी, (सन् २०११), *हिमाली बौद्ध परिदर्शन,* सिलगढी : शिवाकोटि प्रिन्टिङ प्रेस, प्रधान नगर ।

४. तामाङ, गौतम, (अनु), (सन् २०१०), आचार्य पद्मसम्भव (मूल लेखन), *अन्तराभव,* सिलगढी : सिस्टम्याटिक डिजाइनर्स एण्ड प्रिन्टर्स प्रा लि ।

५. तामाङ, गौतम, (अनु), (सन् २०१०), आचार्य शान्तिदेव (मूल लेखक), राजी रमणन् (हिन्दी अनु), *बोधिचर्यावतर,* दार्जीलिङ : सिस्टम्याटिक अफसेट प्रिन्टर्स ।

६. नेपाल, घनश्याम, (सन् २००९), *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलीगढी : एकता बुक हाउस, प्रा लि ।

७. पौडेल, माधव प्रसाद, (सन् २०१०), *साहित्य शास्त्र नेपाली समालोचना र शोधविधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

८. योन्जन, भीम, (सन् २०१३), *बौद्ध धर्म-एक परिचय,* सिलगढी : उदय प्रकाशन, चम्पासरी ।

९. रावल, ललिजन, (सन् २०१३), *गौतम बुद्ध : जीवनी, उपदेश र सिद्धान्त,* पाँचौ संस्क, काठमाडौँ : सुजल अफसेट प्रेस ।

१०. लम्साल, रामचन्द्र, बाबुराम अधिकारी, र अन्य (सन् २०१०), *साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,* दोस्रो संस्क, काठमाडौँ : भुँडीपुराण प्रकाशन, बागबजार ।

११. लामा, सानु, (सन् १९९५), *कथा सम्पद्,* दोस्रो संस्क, वाराणसी : शिवशंकर प्रसाद माँडर्न दीपक प्रेस, एस १७ /२७२ नरदेसर ।

१२. लामा, सानु, (अनु), (सन् २०११), धर्मानन्द कोसाम्बी, *भगवान बुद्धः जीवन र दर्शन,* दिल्ली : पवन आफसेट प्रिंटर्स, नवीन शाहदरा ।

१३. लामा, सानु, (सन् २००३), *मृगतृष्णा,* दोस्रो संस्क, वाराणसी : कमलनाथ मौर्य, जय भारत प्रिंटिंग प्रेस, डी ५१/ १६८ सी-२ सूरजकुण्ड ।

१४. लामा, सानु, (सानु २००८), *सूर्यको तेस्रो किरण,* वाराणसी : शिवशंकर प्रसाद, माँडर्न दीपक प्रेस,एस १७/२७२, नदेसर ।

१५. लामा, कविता, (सन् २०१०), *अनुशीलन,* दार्जिलिङ : माया प्रकाशन ।

१६. लामा, जम्बु, (सन् २०१०), *सम्यक बुद्ध,* दार्जीलिङ : पीतसार ग्राफिक्स, ३ सी पुरानो सुपर मार्केट ।

१७. शर्मा, मोहनराज, खगेन्द्र लुइटेल, (सन् २०११), *शोधविधि,* पाँचौ संस्क, ललितपुर : साझा प्रकाशन ।

१८. शर्मा, मोहनराज, खगेन्द्र लुइटेल, (सन् २०१०), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* तेस्रो संस्क, काठमाडौँ : शिखर समुन्द्र अफ्सेट, बागबजार ।

१९. शेर्पा, निमा छिडिग, (सन् २०११), यामाबे युगाकु अनि चिजेन अकागुमा, (सम्पा), *बुद्ध वाणी,* सिलगढी : सिस्टम्याटिक डिजाइनर्स एण्ड प्रिन्टर्स प्रा लि ।

**ख. नेपाली सम्पादित पुस्तक**

१. राई, विजयकुमार, (सन् २००४), *इन्द्रसम्पूर्ण* (भाग ४), कोलकोता : ग्राफिक कम्पोजिट ।

२. लामा कविता, गोकुल सिन्हा अन्य (सम्पा), (सन् २०११), *नेपाली लेखन शैली,* सिलगढी : पुष्प प्रकाशन, देशबन्धुपाडा ।

३. त्रिपाठी, कल्पना, शेर्पा लक्ष्मण, (सम्पा), (सन् २००७), *सानु लामाका साना कथाहरु,* दार्जिलिङ : ग्रील हिल प्रकाशन ।

**ग. नेपाली जर्नल**

१. दाहाल, मोहन पी, नरेशचन्द्र खाती, (सम्पा), *नेपाली जर्नल* (नेपाली भाषा साहित्य र संस्कृति बारे अनुसन्धानमूलक अर्द्धवार्षिक), नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय : वर्ष-१, अङ्क-१, शरद्-शिशिर, (२००१-२) ।

२. नेपाल, घनश्याम, (सम्पा), *अभिज्ञान* (नेपाली अर्द्धबार्षिक शोधपत्रिका), उत्तर बङ्ग विश्वविद्यायल, बर्ष १, अङ्क १, जनवरी-जुन (२०१०) ।

३. पराजुली, पुष्कर, (सम्पा), *अभिज्ञान* (नेपाली जर्नल, शोधमूलक अर्द्धबार्षिक), उत्तर बङ्ग विश्वविद्यायल, बर्ष २, अङ्क ३ ,जनवरी-जुन (२०११) ।

**घ. नेपाली पत्र-पत्रिका**

२. नेपाल, घनश्याम, *चाँपगुराँस* (सिक्किमे व्यक्तित्व विशेषाङ्क), सिलीगुडी : दास प्रिन्टर्स, प्रकाशन वर्ष (सन् २०१०) ।

१. सुब्बा, मेहेरमान, *साहित्य सङ्केत,* कालेबुङ : उपमा प्रकाशन, बर्ष ४६, अङ्क ३३, मार्च (२०१३) ।

**ङ. शब्दकोश**

१. अधिकारी, हेमाङ्गराज, बद्रीविशाल भट्टराई, (सम्पा), (सन् २००९), *प्रयोगात्मक नेपाली शब्दकोश,* तेस्रो संस्क, काठमाडौँ : विद्यार्थी प्रकाशन, प्रा लि ।

२. लोहानी, सिद्धार्थप्रसाद, रामेश्वरप्रसाद अधिकारी, (सम्पा), (सन् २०१२), *कम्प्यारिटिप इंग्लिश नेपाली डिक्सनरी,* सिलगढी : एकता बुक हाउस,।

३. शर्म्मा, वसन्तकुमार, (सम्पा), (सन् २००६), *नेपाली शब्दसागर,* पाँचौ संस्क, काठमाडौँ : शिखर समुद्र अफ्सेट बागबजार ।

४. त्रिपाठी, वासुदेव, बल्लभमणि दाहाल, (सम्पा), (सन् २०१२), *नेपाली बृहत् शब्दकोश,* तेस्रो संस्क, काठमाडौँ : प्रज्ञा छापाखाना, कमलादी ।

**च. हिन्दी पुस्तक**

१. तेनजिन, पेमा, (अनु), (सन् २००९), *गुरु समन्तभद्र मुखागम,* वाराणसी : केन्द्रीय उच्च तिब्बती संस्थान, सारनाथ ।

२. नेगी, वङ्छुग दो, (अनु), (सन् २००३), *धम्मपद,* ताइवान : आर ओ सी ।

३. लामा, श्री दलाई, (सन् १९५०), *बौद्ध सिद्धान्त सार,* वाराणसी : मलदहिया ।

४. सांस्कृत्यान, राहुल, (अनु), (सन् १९३४), *विनय-पिटक,* ताइवान : आर ओ सी ।

### छ.. अङ्ग्रेजी पुस्तक


1. Chodron, Thubten, (2003), *I wonder Why*, Taiwan : Taipei, R O C.

2. Group, Van Hien Study, (Translated), (1993), Dharma Master Thich Thien

3. Park jin, y, (edited), (2011), *Buddisms and Deconstructions*, New Delhi.

Tam, *Buddhism Of Wisdom & Faith*, Taiwan : R O C.

4. study group, Hien van, (2003), *The seeker's glossary of buddism*, Taiwan : Taipei, R O C.

5. Tashi, Tenzinc c, (edited), (2012), *Basic Buddhist teachings*, Gantok : Namgal Institution of Tinetology, Deorali